# मूल्य अभिबृद्धि कर लगाउने र असुल उपर गर्ने व्यवस्था गर्न बनेको ऐन
## (आर्थिक ऐन, २०६५ ले गरेको संशोधन समेत)

पहिलो संशोधन, २०५८।१०।०४
आर्थिक अध्यादेश, २०५९।०९।२२
आर्थिक अध्यादेश, २०६०।०४।०१
आर्थिक अध्यादेश, २०६०।१०।०१
आर्थिक अध्यादेश, २०६१।०४।०१
आर्थिक अध्यादेश, २०६१।१०।०१
आर्थिक अध्यादेश, २०६२।०४।०१
आर्थिक अध्यादेश, २०६२।०६।१६
आर्थिक अध्यादेश, २०६२।१०।०१
आर्थिक ऐन, २०६३।०३।२८
आर्थिक ऐन, २०६४।०३।२८
आर्थिक ऐन, २०६५।०६।०३

**प्रस्तावना:**

देशको आर्थिक विकासको लागि आवश्यक राजस्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालन बढाउन वस्तु वा सेवाको विक्री, वितरण, हस्तान्तरण, आयात वा निर्यात लगायतका सबै कारोवारमा मूल्य अभिबृद्धि कर लगाउने र असुल उपर गर्ने प्रक्रियालाई व्यवस्थित गरी राजस्व संकलन प्रभावकारी ढंगबाट गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मूल्य अभिबृद्धि कर ऐन, २०५२" रहेको छ।

(२) यो ऐन नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मिति देखि प्रारम्भ हुनेछ।[1]

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कर" भन्नाले यस ऐन बमोजिम लाग्ने मूल्य अभिबृद्धि कर सम्झनु पर्छ।

(ख) "कारोवार" भन्नाले कुनै वस्तु वा सेवा आपूर्ति गर्ने कार्य सम्झनु पर्छ।

(ग) "कर लाग्ने कारोवार" भन्नाले दफा ५ को उपदफा (१) मा उल्लेखित कारोवार सम्झनु पर्छ।

(घ) "कर लाग्ने मूल्य" भन्नाले कुनै वस्तु वा सेवाको सम्वन्धमा दफा १२ बमोजिम कायम गरिने मूल्य सम्झनु पर्छ।

(ङ) "वस्तु" भन्नाले चल वा अचल दुवै किसिमको सम्पत्ति सम्झनु पर्छ।

(च) "सेवा" भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सम्झनु पर्छ।

(च१)[2] "कम्पनी वा निकायको समूह" भन्नाले देहायको अवस्था विद्यमान भएको कम्पनी वा निकायको समूह मानिनेछ :

(क) निकायको समूहमा सम्वद्ध व्यक्ति वा प्रतिनिधि सदस्यद्वारा कुनै व्यवसाय सञ्चालन गरेमा,

---

[1] नेपाल सरकारले २०५४।०५।०२ को राजपत्रमा प्रकाशित सूचनामा यो ऐन, २०५४ साल मंसिर १ गते देखि प्रारम्भ हुने गरी तोकेको।

[2] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको।

(ख) कुनै वस्तु वा सेवाको आपूर्ति निकायको समूहद्वारा आफ्नो सम्वद्ध कुनै निकाय वा अर्को निकायको समूहलाई आपूर्ति गरेमा,

(ग) निकायको समूह वा समूहको सदस्यलाई कुनै वस्तु वा सेवाको आपूर्ति गरेमा,

(घ) कुनै दुई वा दुईभन्दा वढी निकायहरुको व्यापार सञ्चालनको स्थायी ठेगाना एकै ठाउमा भएमा, वा

(ङ) कुनै एक व्यक्ति वा केही व्यक्तिको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निकायको समूहमा नियन्त्रण भएमा ।

(छ) "आपूर्ति" भन्नाले प्रतिफल लिई कुनै वस्तु वा सेवा विक्री, विनियम, हस्तान्तरण गर्ने कार्य वा तत्सम्बन्धी अनुमति दिने वा ठेक्का पट्टा गर्ने कार्य सम्झनु पर्छ ।

(ज) "प्रतिफल" भन्नाले वस्तु वा सेवाको आपूर्ति गर्दा सोको  मूल्य वापत प्राप्त हुने कुनै पनि कुरा सम्झनु पर्छ [३]।

(ज१)[४] "ऋण संझौता" भन्नाले हायर पर्चेज संझौता वा वित्तिय पट्टा सम्झनुपर्छ ।

(झ) "आयात" भन्नाले प्रचलित कानून वमोजिम वस्तु वा सेवा नेपाल अधिराज्य भित्र पैठारी गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) "निर्यात" भन्नाले प्रचलित कानून बमोजिम वस्तु वा सेवा नेपाल अधिराज्य बाहिर निकासी गर्ने कार्य सम्झनु पर्छ ।

(ट) "बजार मूल्य" भन्नाले दफा १३ बमोजिम निर्धारित मूल्य सम्झनु पर्छ ।

(ट१)[५] "विद्युतीय माध्यम" भन्नाले कम्प्यूटर, इन्टरनेट, इ–मेल, फ्याक्स, विद्युतीय क्यास मेशिन (इलेक्ट्रोनिक क्यास रजिष्ट्रर), फिस्कल प्रिन्टर समेतका स्वीकृत माध्यमहरुलाई जनाउँछ ।

(ठ) "व्यक्ति" भन्नाले कुनै व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोष सम्झनु पर्छ र सो शब्दले नाफाको उद्देश्य लिई वा नलिई कर लाग्ने कारोवारमा संलग्न रहेको सरकारी निकाय, धार्मिक संगठन, परोपकारी संस्था वा त्यस्तै अन्य निकायहरु र तिनका शाखा वा उपशाखाहरुलाई समेत जनाउँछ ।

(ड) "दर्ता भएको व्यक्ति" भन्नाले दफा १० बमोजिम कारोवार गर्न दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ढ) "दर्ता नम्बर" भन्नाले दर्ता भएको व्यक्तिलाई दफा १० बमोजिम प्रदान गरिएको नम्बर सम्झनु पर्छ ।

(ण) "आपूर्तिकर्ता" भन्नाले कुनै वस्तु वा सेवा आपूर्ति गर्ने व्यक्ति सम्झनु पर्छ ।

(त) "प्रापक" भन्नाले कुनै वस्तु वा सेवा ग्रहण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(थ) "करदाता" भन्नाले कुनै कर लाग्ने कारोवारमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(थ१)[६] "कर अवधि" भन्नाले करदाताले दफा १८ बमोजिम कर विवरण पेश गर्नु पर्ने अवधि सम्झनु पर्छ ।

---

[३] आर्थिक ऐन, २०६३ ले संशोधन, संशोधन पहिले ""प्रतिफल" भन्नाले नगद, वस्तु, सेवा वा मूल्य वापत प्राप्त हुने कुनै पनि कुरा सम्झनु पर्छ ।" भन्ने व्यवस्था भएको, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[४] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[५] आर्थिक ऐन, २०६४ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

(द) "विभाग" भन्नाले कर प्रशासनको निमित्त उत्तरदायी हुने गरी नेपाल सरकारले तोकेको अर्थ मन्त्रालय अन्तर्गतको कुनै विभाग सम्झनु पर्छ ।

(ध) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(न)[७] "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत र प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक र उप-महानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृत समेतलाई जनाउनेछ ।

(प) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **कर अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने** : यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले आवश्यक संख्यामा कर अधिकृतहरु नियुक्त गर्न सक्नेछ र नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरकारको अन्य कुनै अधिकृतलाई पनि कर अधिकृतको कार्य गर्ने गरी तोक्न सक्नेछ ।

४. **कर अधिकृतको अधिकार क्षेत्र** [८]: (१) कर अधिकृतको अधिकार क्षेत्र नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२) कर अधिकृतलाई आफ्नो कार्यक्षेत्र वाहेकका अन्य क्षेत्रका करदाताको कारोबार समेत निरीक्षण र अनुगमन गर्ने गरी विभागका महानिर्देशकले तोक्न सक्नेछ ।

५. **मूल्य अभिबृद्धि कर लाग्ने** : (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कारोवारमा मूल्य अभिबृद्धि कर लाग्नेछ :

(क) नेपाल अधिराज्यभित्र आपूर्ति भएका वस्तु वा सेवामा,

(ख) नेपाल अधिराज्यभित्र आयात गरिएको वस्तु वा सेवामा,

(ग) नेपाल अधिराज्य बाहिर निर्यात गरिएको वस्तु वा सेवामा,

(२) प्रत्येक कारोवारको कर लाग्ने मूल्यमा कर लाग्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची - १ मा उल्लेखित वस्तु वा सेवाहरुको कारोवारमा कर लाग्ने छैन । साथै त्यस्तो वस्तु वा सेवाको खरिदमा पहिले लागेको कर दफा १७ बमोजिम कट्टी गर्न र दफा २४ बमोजिम फिर्ता लिन पाइने छैन ।

५क.[९] **कारोबारको स्वामित्वको हस्तान्तरणमा कर नलाग्ने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै दर्ता भएको व्यक्तिलाई बिक्री गरेमा वा मृत्यु भै

---

[६] पहिलो संशोधनले थप ।

[७] आर्थिक अध्यादेश, २०५९ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । मूल ऐनमा निम्न व्यवस्था थियो :
"कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत, **प्रमुख कर प्रशासक, महानिर्देशक*** वा यो ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृत सम्झनु पर्छ ।" (*पहिलो संशोधनले थप)

[८] आर्थिक अध्यादेश, २०६२ (श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[९] आर्थिक ऐन, २०६३ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । सो भन्दा पहिलो संशोधनले दफा ५क. थप गरी निम्न व्यवस्था गरेको :
"५क. कारोबारको स्वामित्वको हस्तान्तरणमा कर नलाग्ने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै दर्ता भएको व्यक्तिलाई बिक्री गरेमा **वा मृत्यु भै हकवालाको नाममा कारोबार हस्तान्तरण भएमा*** त्यसरी हुने स्वामित्वको हस्तान्तरणमा कर लाग्ने छैन । त्यसरी कारोबार बिक्री गर्दा वा हस्तान्तरण गर्दा दर्ता भएको व्यक्तिले सो कुराको जानकारी तोकिए बमोजिम विभागलाई दिनु पर्नेछ ।
तर त्यस्तो कारोवार खरिद गर्ने दर्ता भएको व्यक्तिले साविकवालाको कर दायित्व व्यहोर्नु पर्नेछ ।
* आर्थिक अध्यादेश, २०६१(श्रावण) ले थप ।

हकवालाको नाममा कारोबार हस्तान्तरण भएमा त्यसरी हुने स्वामित्वको हस्तान्तरणमा कर लाग्ने छैन । त्यसरी कारोबार बिक्री गर्दा वा हस्तान्तरण गर्दा दर्ता भएको व्यक्तिले सो कुराको जानकारी तोकिए बमोजिम विभागलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कानून बमोजिम दर्ता हुनुपर्ने वा भएको कुनै उद्योग वा व्यवसायको हस्तान्तरण भएमा स्वामित्व प्राप्त गर्नेले हस्तान्तरण गर्नेको कानूनद्वारा निर्दिष्ट करको दायित्व व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (२) को अधीनमा रही स्वामीत्व प्राप्त गर्नेले यस ऐन बमोजिम तोकिएको अवधिसम्म ( हस्तान्तरण हुनु अघि र पछिसम्मको) त्यस्तो उद्योग वा व्यवसायको कारोवारको लेखा, खातावही तथा हिसाव किताब सुरक्षित राख्नु पर्ने दायित्व वहन गर्नु पर्नेछ ।

५ख.[१०] **दर्ता गर्ने आदेश दिन सक्ने** : दर्ता हुनु पर्ने व्यक्तिले दर्ता नगरी कुनै कारोबार गरीरहेको छ भन्ने कुरा कर अधिकृतलाई मनासिब लागेमा त्यस्तो व्यक्तिलाई दर्ता गर्न आदेश दिन सक्नेछ ।

तर दफा ९ बमोजिम तोकिएको रकमसम्मको मात्र कारोबार गरेको हुंदा दर्ता हुनु नपर्ने भन्ने जिकिर लिने व्यक्तिले सो कुराको प्रमाण पुऱ्याउनु पर्नेछ ।

६. **आपूर्तिको स्थान र समय** : (१) यस ऐन बमोजिम कर निर्धारण र असुल उपर गर्ने प्रयोजनको लागि कुनै वस्तु वा सेवाको आपूर्ति नेपाल भित्र वा बाहिर भएको कुराको निर्धारण तोकिए बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम कर निर्धारण र असुल उपर गर्ने प्रयोजनको लागि कुनै वस्तु वा सेवाको आपूर्ति देहायको समय मध्येमा जुन पहिले हुन्छ सोही समयमा त्यस्तो वस्तु वा सेवाको आपूर्ति भएको मानिनेछ :-

(क) आपूर्तिकर्ताले बिजक जारी गरेको बखत,

(ख) वस्तुको आपूर्तिको हकमा प्रापकले आपूर्तिकर्ताको कारोवार स्थलबाट वस्तु उठाएको वा ग्रहण गरेको बखत,

(ग) सेवाको आपूर्तिको हकमा सेवा प्रदान भएको बखत,

स्पष्टीकरण[११]: यस खण्डको प्रयोजनको लागि देहायका अवस्थामा प्राप्त गरेको मानिनेछ :-

(क) कपिराइट्स, पेटेन्ट, लाइसेन्स, ट्रेडमार्क र यस्तै समान प्रकृतिका अधिकारहरु,

(ख) विज्ञापन सेवा,

(ग) प्राविधिक सेवा, इन्जिनियरिङ सेवा, प्राविधिक सेवा प्रदान गर्ने आपूर्तिकर्ताको सेवा, कानूनी सेवा, लेखा सम्बन्धी सेवा, तथ्यांक तथा तथ्यांक प्रशोधन सेवा, सूचनाको सेवा र यस्तै समान प्रकृतिको सेवा,

(घ) उपदफा (१) को सेवा प्रदान गर्दा वा कुनै दायित्व वा अनुवन्धन स्वीकार गर्दा वा सो अनुवन्धनको आंशिक वा पूर्ण अंशको अभ्यास गर्दा वा त्यस्तो अधिकारको प्रयोग गरी कुनै व्यावसायिक क्रियाकलाप गर्दा वा

(ङ) सेफ डिपोजिटको सुविधाको कार्य वाहेक बीमा वा पुर्नबीमाको सेवा ।

(घ) आपूर्तिकर्ताले वस्तु वा सेवाको प्रतिफल प्राप्त गरेको बखत ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थाहरुमा देहाय बमोजिमको समयलाई आपूर्ति समय मानिने छ :-

---

[१०] पहिलो संशोधनले थप ।

[११] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

(क) निरन्तर रुपमा आपूर्ति हुने दूर संचार सेवा वा त्यस्तै अन्य सार्वजनिक सेवाहरुको हकमा बिजक जारी गर्दाको समय,

(ख) करार बमोजिम किस्ताबन्दी रुपमा कुनै वस्तु वा सेवाको मूल्य एक भन्दा बढी दिनमा आंशिक रुपमा भुक्तानी हुने व्यवस्था भएकोमा भुक्तानी भएको वा करारमा भुक्तानी गर्नु पर्ने भनेर उल्लेख गरिएको दिन मध्ये जुन पहिले हुन्छ सो समय,

(ग) यस ऐन अन्तर्गत कर कट्टी सुविधा प्राप्त नहुने गरी प्रयोग भएका वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु वा सेवा प्रयोग भएको समय ।

(४) कुनै कारोवारको आपूर्ति समयको सम्बन्धमा उपदफा (२) मा उल्लेखित अवस्थाहरुमध्ये एकैपटक एकभन्दा बढी अवस्थाहरु लागू हुन सक्ने भएमा त्यस्तो कारोवारमा आपूर्तिको समयको निर्धारण महानिर्देशकले वस्तुगत आधारमा तोके बमोजिम हुनेछ ।

७. **करको दर :** (१)[१२] यस ऐन बमोजिम लाग्ने करको दर तेह्र प्रतिशतको एकल दर हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ मा उल्लेखित वस्तु वा सेवाको कारोवारमा शून्य दरमा कर लाग्नेछ ।

८. **करको निर्धारण र असुल उपर** : (१) दर्ता भएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ ।

(२) नेपाल अधिराज्य बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट नेपाल अधिराज्य भित्र सेवा प्राप्त गर्ने व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ ।

८क.[१३] **बैंक प्रत्याभूतिको व्यवस्था:** (१) उद्योग सञ्चालन भएको अन्तिम विगत बाह्र महिनाको कूल बिक्रीको साठी प्रतिशत भन्दा बढी निकासी गर्ने उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा

---

[१२] आर्थिक अध्यादेश, २०६२ (श्रावण) ले संशोधन, आर्थिक ऐन्क, २०६५ ले निरन्तरता दिएको । आर्थिक ऐन, २०६३ ले निरन्तरता दिएको सो भन्दा अघि कुनै आ.व.को निमित्त लाग्ने करको दर सो आ.व.को निमित्त बनेको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको एकल दर हुने व्यवस्था थियो र सो अनुसार करको दर "दश" प्रतिशत थियो ।

[१३] आर्थिक ऐन, २०६५ ले संशोधन, आर्थिक ऐन, २०६४ ले संशोधन गरी निम्न व्यवस्था गरेको थियो :

८क. बैंक प्रत्याभूतिको व्यवस्था: (१) उद्योग सञ्चालन भएको अन्तिम विगत बाह्र महिना को कूल बिक्रीको साठी प्रतिशत भन्दा बढी निकासी गर्ने उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ पैठारी गर्दा तथा वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने मालसामानमा लाग्ने कर वापत सम्बन्धित भन्सार कार्यालयमा बैंक प्रत्याभूति राखी पैठारी गर्न सकिनेछ ।

तर वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलले पैठारी गर्ने बाहेक अन्य निकासीकर्ताले यस्तो सुविधा प्राप्त गर्न कच्चा पदार्थबाट तयारी सामान बनाई निकासी गर्दा वीस प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको बैंक प्रत्याभूति विभागले तोकेको प्रकृया बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट फुकुवा गरिनेछ ।"

(३) यस दफा बमोजिमको सुविधा प्राप्त गर्ने व्यक्तिले दफा २४ को उपदफा (४) बमोजिमको सुविधा पाउने छैन ।

**सो दफामा आर्थिक ऐन, २०६३ ले निम्न व्यवस्था गरेको थियो :**

८क. **बैंक प्रत्याभूतिको व्यवस्था:** (१) उद्योग संचालन भएको अन्तिम विगत बाह्र महिना को कूल बिक्रीको असी प्रतिशत भन्दा बढी निकासी गर्ने उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ पैठारी गर्दा लाग्ने कर वापत बैंक प्रत्याभूति राखी पैठारी गर्न सकिनेछ ।

तर यस्तो सुविधा प्राप्त गर्न कच्चा पदार्थबाट तयारी सामान बनाई निकासी गर्दा वीस प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्दछ ।

(२) दफा (१) बमोजिमको बैंक प्रत्याभूति राख्ने र सोको फुकुवा गर्ने प्रकृया विभागले तोके बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिमको सुविधा प्राप्त गर्ने व्यक्तिले दफा २४ को उपदफा (४) बमोजिमको सुविधा पाउने छैन ।

**आर्थिक अध्यादेश, २०६१ (श्रावण) ले दफा ८क. थप गर्दा निम्न व्यवस्था थियो** :

"८क. **बैंक प्रत्याभूतिको व्यवस्था:** (१) न्यूनतम बीस प्रतिशत मूल्य अभिबृद्धि गरी विगत बाह्र महिनाको कूल बिक्री मध्ये नब्बे प्रतिशत भन्दा बढी निकासी गर्ने उत्पादनमूलक उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ आयात गर्दा लाग्ने कर वापत बैंक प्रत्याभूति राखी पैठारी गर्न पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको बैंक प्रत्याभूति राख्ने र सोको फुकुवा गर्ने प्रकृया विभागले तोके बमोजिम हुनेछ ।"

**तर, आर्थिक अध्यादेश, २०६१ (माघ) {(२०६२ श्रावण) समेत} ले दफा ८क. मा निम्न व्यवस्था गरेको थियो** :

पदार्थ पैठारी गर्दा तथा वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने मालसामानमा लाग्ने कर वापत सम्बन्धित भन्सार कार्यालयमा बैंक प्रत्याभूति राखी पैठारी गर्न सकिनेछ ।

तर वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलले पैठारी गर्ने बाहेक अन्य निकासीकर्ताले यस्तो सुविधा प्राप्त गर्न कच्चा पदार्थबाट तयारी सामान बनाई निकासी गर्दा दश प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा लिई वण्डेड वेयर हाउस मार्फत पैठारी भएका मदिरा तथा चुरोट नेपाल सरकार परराष्ट्र मन्त्रालयले सिफारिस गरेको कुटनैतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई मात्र विक्री गर्नुपर्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका वखत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित करमुक्त पसलमा मौज्दातमा रहेका मदिरा तथा चुरोट स्विकृत प्राप्त आफ्नै वण्डेड वेयर हाउसमा स्थानान्तरण गर्न वा लाग्ने कर तिरी विक्री गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम राखिएको बैंक प्रत्याभूति विभागले तोकेको प्रक्रिया बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट फुकुवा गरिनेछ ।

(५) यस दफा बमोजिमको सुविधा प्राप्त गर्ने व्यक्तिले दफा २४ को उपदफा (४) बमोजिमको सुविधा पाउने छैन ।

९. **सानो कारोबार गर्ने व्यवसायीलाई छूट**[१४] : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकम सम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई दर्ता गर्नु नपर्ने र विवरण पेश गर्नु नपर्ने तथा अन्य प्रक्रियाहरु पूरा गर्नु नपर्ने गरी तोकिए बमोजिम छूट दिन सकिनेछ ।

---

"८क. **बैंक प्रत्याभूतिको व्यवस्था**: (१) न्यूनतम बीस प्रतिशत मूल्य अभिबृद्धि गरी विगत बाह्र महिनाको कूल बिक्री मध्ये नब्बे प्रतिशत भन्दा बढी निकासी गर्ने उत्पादनमूलक उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ आयात गर्दा लाग्ने कर वापत बैंक प्रत्याभूति राखी पैठारी गर्न पाउनेछ ।

(२) वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने मालसामानमा लाग्ने मूल्य अभिवृद्धि कर बैंक प्रत्याभूति राखी पैठारी गर्न पाउने छ ।

(३) उपदफा (१) र (२) बमोजिमको बैंक प्रत्याभूति राख्ने र सोको फुकुवा गर्ने प्रकृया विभागले तोके बमोजिम हुनेछ ।

तर तयारी पोशाक निकासी गर्ने उद्योगको हकमा आन्तरिक राजस्व कार्यालयको सिफारिसमा फुकुवा गर्ने गरी सम्वन्धित भंसार कार्यालयले बैंक प्रत्याभूति स्वीकार गरी पैठारी गर्न दिनेछ ।"

**साथै आर्थिक अध्यादेश, २०६२ (माघ) ले दफा ८क. मा पुनः संशोधन गरी निम्न व्यवस्था गरेको थियो** :

"८क. **बैंक प्रत्याभूतिको व्यवस्था**: (१) उद्योग संचालन भएको अन्तिम विगत बाह्र महिनाको कूल बिक्री मध्ये असी प्रतिशत भन्दा बढी निकासी गर्ने उत्पादनमूलक उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गर्दा लाग्ने कर वापत बैंक प्रत्याभूति राखी पैठारी गर्न सकिनेछ ।

(२) कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थबाट तयारी सामान बनाई निकासी गर्दा भन्सारले कायम गरेको कारोबार मूल्यको न्यूनतम वीस प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(३) वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने मालसामानमा लाग्ने मूल्य अभिवृद्धि कर बैंक प्रत्याभूति राखी पैठारी गर्न सकिनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको बैंक प्रत्याभूति राख्ने र सोको फुकुवा गर्ने प्रकृया विभागले तोके बमोजिम हुनेछ ।

तर तयारी पोशाक निकासी गर्ने उद्योगको हकमा आन्तरिक राजस्व कार्यालयको सिफारिसमा फुकुवा गर्ने गरी सम्वन्धित भंसार कार्यालयले बैंक प्रत्याभूति स्वीकार गरी पैठारी गर्न दिनेछ ।"

(५) यस दफा बमोजिमको सुविधा प्राप्त गर्ने व्यक्तिले दफा २४ को उपदफा (४) बमोजिमको सुविधा पाउने छैन ।"

[१४] आर्थिक ऐन, २०६४ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । आर्थिक ऐन, २०६३ मा निम्न व्यवस्था थियो :

९.**सानो कारोवार गर्ने व्यवसायीलाई छुटः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकम सम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई दर्ता गर्नु नपर्ने र विवरण पेश गर्नु नपर्ने तथा अन्य प्रक्रियाहरु पूरा गर्नु नपर्ने गरी तोकिए बमोजिम छूट दिन सकिनेछ ।

तर सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गर्न चाहेमा दफा १० बमोजिम प्रकृया पुरा गरी दर्ता गराउन सक्नेछ । अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा अन्य यस्तै कारोबारको हकमा यो व्यवस्था लागू हुने छैन । यसरी दर्ता हुनेको हकमा कर अधिकृतले सुरक्षण वापत धरौटी माग्न सक्नेछ ।

आर्थिक एने, २०६३ ले संशोधन, संशोधन पहिले निम्न व्यवस्था थियो :

"९.**सानो कारोवार गर्ने व्यवसायीलाई छुट** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकम सम्मको वार्षिक कर लाग्ने कारोवार गर्ने साना व्यवसायीलाई दर्ता गर्नु नपर्ने र विवरण पेश गर्नु नपर्ने तथा अन्य प्रक्रियाहरु पूरा गर्नु नपर्ने गरी तोकिए बमोजिम छुट दिन सकिनेछ ।

तर कुनै सानो कारोवार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोवार दर्ता गराउन चाहेमा दफा १० बमोजिमको प्रक्रिया पूरा गरी कारोवार दर्ता गराउन सक्नेछ ।"

तर सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गर्न चाहेमा दफा १० बमोजिम प्रकृया पूरा गरी दर्ता गराउन सक्नेछ ।

१०. **दर्ता**[१५] : (१) कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु हुनु भन्दा अघि कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) कुनै व्यक्तिले कारोबार गरेको वस्तुमा कर लाग्ने भएमा वा कुनै व्यक्तिले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्चर, फर्निसिङ्ग, अटोमोवाइल्स, इलेक्ट्रोनिक्स, मार्वलको कारोबार गरेमा र कलरल्याव संचालन गरेमा[१६] त्यसरी कर लागेको वा कारोबार गरेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची - १ मा उल्लेखित कर छुट हुने वस्तु वा सेवाको मात्र कारोवार गर्ने व्यक्तिले दर्ता गराउनु पर्ने छैन ।

(४) उपदफा (१) वा (२) बमोजिम रीतपूर्वकको दरखास्त[१७] दिने प्रत्येक व्यक्तिलाई कर अधिकृतले दर्ता गरी तोकिएको ढाँचामा तोकिएको म्याद भित्र दर्ता नम्बर सहितको दर्ताको प्रमाण पत्र दिनु पर्नेछ

(५) दर्ता भएको व्यक्तिले दर्ताको प्रमाण पत्र आफ्नो कारोवार संचालन गर्ने प्रमुख स्थानमा सबैले देख्ने गरी राख्नु पर्ने छ र कारोवारको स्थान एकभन्दा बढी भएमा प्रमुख स्थान बाहेक अन्य स्थानमा समेत कर अधिकृतद्वारा प्रमाणित गरेको दर्ताको प्रमाणपत्र सबैले देखिने गरी राख्नु पर्नेछ

(६) दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बरको प्रयोग मूल्य अभिबृद्धि कर, अन्तःशुल्क र भन्सार सम्बन्धी सबै कारोवार र तोकिए बमोजिमका अन्य कारोवारको सम्बन्धमा समेत गर्नु पर्नेछ ।

(७) उपदफा (१) वा (२) बमोजिम दर्ताको लागि दिएको दरखास्तमा उल्लेखित विवरणमा कुनै परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको पन्ध्र दिनभित्र दर्ता भएको व्यक्तिले कर अधिकृतलाई सो कुराको जानकारी दिनु पर्नेछ ।

१०क.[१८] **अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्थाः** (१) अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा अन्य यस्तै कारोबारको हकमा कारोबार शुरु हुनु भन्दा अगावै आयोजक तथा सो आयोजनामा कर लाग्ने वस्तु वा सेवाको

---

१५ राजस्व सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने सम्बन्धमा बनेको अध्यादेश, २०६२ (आश्विन) ले उपदफा (१) र (२) संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । संशोधन पहिले उपदफा (१) र (२) मा निम्न व्यवस्था थियो :

"(१) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै कारोवारमा संलग्न रहेका प्रत्येक व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले नब्बे दिन भित्र कर अधिकृत समक्ष दर्ताको लागि तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ भएपछि कुनै कारोवारमा संलग्न हुन चाहने प्रत्येक व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कर अधिकृत समक्ष दर्ताको लागि तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ । "

१६ आर्थिक ऐन, २०६५ ले थप ।

१७ राजस्व सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने सम्बन्धमा बनेको अध्यादेश, २०६२ (आश्विन) ले "निवेदन" सट्टा "दरखास्त" भन्ने शव्द राखेको, आर्थिक ऐन, २०६५ निरन्तरता दिएको ।

१८ आर्थिक ऐन, २०६५ ले दफा १०ख. लाई दफा १०क.मा राखेको । राजस्व सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने सम्बन्धमा बनेको अध्यादेश, २०६२ (आश्विन) ले पहिलो पटक यो दफा थप गरी निम्न व्यवस्था गरेको थियो :

"१०क. **मौज्दातको घोषणाः** (१) करदाताले सम्वत् २०६२ साल माघ मसान्त भित्र आफूसंग भएको कर लाग्ने वस्तुको वास्तविक मौज्दातको घोषणा गर्न सक्नेछ ।"

(२) उपदफा (१) बमोजिमको कुनै करदाताले मौज्दात घोषणा गरेमा विभागले तोकेको ढाँचामा घोषित वस्तुको मूल्यको नौ प्रतिशतले हुने रकम कर वापत र प्रचलित भन्सार दरवन्दी अनुसारको महशुल बराबर जरिवाना वापत रकम कार्यालयमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको मौज्दात घोषणा गर्दा करदाताले त्यसरी मौज्दात घोषणा गर्दाको प्रचलित बजार मूल्य भन्दा वढी हुने गरी कुनै वस्तुको मूल्य राख्न पाउने छैन ।

(४) उपदफा (१) बमोजिमको मौज्दात घोषणा गरेको वस्तु वापत तिरेको कर रकम करदाताले दफा १७ को अधीनमा रही कर कट्टी गर्न पाउनेछ ।

कारोबार गर्ने मूल्यअभिवृद्धि करमा दर्ता नभएका व्यवसायी मूल्यअभिवृद्धि करमा दर्ता हुनु पर्नेछ । यसरी दर्ता हुनेको हकमा कर अधिकृतले सुरक्षण वापत धरौटी माग्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साविकदेखि मूल्य अभिवृद्धि करमा दर्ता भएको ब्यवसायीले सो कार्यक्रममा राख्ने वस्तु स्टक ट्रान्सफर गरी लैजान पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि मात्र दर्ता भएको करदाताले आयोजना गरेको प्रर्दशनी, मेला समाप्त भएको ७ दिन भित्र कारोबारको विवरण पेश गरी लाग्ने सम्पूर्ण कर समेत दाखिला गरी अस्थायी दर्ता खारेज  गर्नु पर्नेछ ।

१०ख.[१९] .....................

११. **दर्ता खारेजी** : (१) कर अधिकृतले देहायका कुनै अवस्थामा दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्न सक्नेछ :-

(क) संगठित संस्था भए त्यस्तो संगठित संस्था बन्द, विक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो संगठित संस्थाको अस्तित्व कायम नरहेमा,

(ख) व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा,

(ग)[२०] साझेदार संस्था भए त्यस्तो साझेदारी संस्था  विघटन भएमा वा साझेदारको मृत्यु भएमा

(घ) दर्ता भएको व्यक्तिले कर लाग्ने कारोवार गर्न छाडेमा,

(घ१)[२१] लगातार एक वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा,

(ङ) भूलवश दर्ता भएकोमा ।

(१क)[२२] उपदफा (१) मा उल्लेखित अवस्था बाहेक अन्य अवस्थामा स्वेच्छाले आफ्नो कारोबार दर्ता गराएका सानो कारोबार गर्ने व्यवसायीले कारोबार दर्ता गराएको मितिले एक वर्ष पूरा नभए सम्म स्वेच्छाले आफ्नो कारोबारको दर्ता खारेजी गर्न सक्ने छैन । कारोबार दर्ता गराएको एक वर्ष पूरा भएपछि त्यस्ता कारोबारको दर्ता खारेजी गर्न चाहने सानो कारोबार गर्ने व्यवसायीले सम्बन्धित कर अधिकृत समक्ष दर्ता खारेजीको लागि तोकिए बमोजिम निवेदन दिन सक्नेछ । यसरी निवेदन परेमा सम्बन्धित कर अधिकृतले त्यस्तो कारोबारको दर्ता खारेज गरिदिनु पर्नेछ ।

(१ख)[२३] दर्ता खारेजीको लागि कर विवरण पेश भएको १५ दिन भित्र करदाताले लेखा परीक्षणको लागि आफ्नो कागजातहरु पेश गर्नुपर्नेछ  र कर अधिकृतले त्यस्ता करदाताको लेखा परीक्षण गरी तीन महिना भित्र दर्ता खारेजी गरी वा दर्ता खारेजी नहुने भए सो को जानकारी करदातालाई दिनु पर्नेछ । सो अवधि भित्र कर

---

(५) उपदफा (१) वमोजिम करदाताबाट गरिएको मौज्दात घोषणाको परिमाण वा वस्तुको मूल्य अस्वाभाविक लागेमा कर अधिकृतले सोको आधार र कारण खुलाई सम्वन्धित मौज्दात जाँच गर्न सक्नेछ र त्यसरी जाँच गर्दा घोषित मूल्य भन्दा घटीमा घोषित वस्तु विक्री गरेको देखिएमा सो विक्रीलाई कर निर्धारण गर्ने प्रयोजनको लागि मान्यता दिइने  छैन ।

(६) सम्बत २०६२ साल पौष मसान्त भित्र प्रतितपत्र खोलिसकेका पैठारीकर्ताले आफुले पैठारी गर्ने वस्तुको फरक मूल्य भन्सार बिन्दुमा २०६२ साल चैत्र मसान्त भित्र उदघोषण गरी सक्नुपर्नेछ । (***यो उपदफा आर्थिक अध्यादेश, २०६२ (माघ) ले थप गरेको***।)

(७) करदाताले यस दफा बमोजिम गरेको मौज्दात घोषणाको परिमाण, मूल्य वा स्रोतको सम्वन्धमा करको प्रयोजनको लागि कुनै पनि निकायबाट कारवाही गरिने छैन ।" **तर, यो दफालाई आर्थिक ऐन, २०६३ ले निरन्तरता नदिएको ।**

[१९] आर्थिक ऐन, २०६४ ले थप गरेको यो दफाको व्यवस्था आर्थिक ऐन, २०६५ ले दफा १०क. मा राखेको ।

[२०] आर्थिक अध्यादेश २०६२ (श्रावण) ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । सो भन्दा पहिले उक्त खण्डमा "साझेदारी संस्था भए त्यस्तो साझेदारी संस्था विघटन भएमा," भन्ने वाक्यांश रहेको ।

[२१] आर्थिक अध्यादेश, २०५९ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[२२] पहिलो संशोधनले थप ।

अधिकृतले दर्ता खारेज नगरेमा वा दर्ता खारेज हुने भनी निर्णय नगरेमा सो अवधि पछिको कर विवरण करदाताले पेश गर्नु पर्ने छैन ।

(२) दर्ता खारेजी सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(३)[२४] पहिले कर कट्टी सुविधा लिई सकेका वस्तुहरुमध्ये दर्ता खारेज हुँदाका बखत बाँकी रहेको मौज्दात (पूँजीगत सामान समेत) लाई बजार मूल्यमा आपूर्ति गरेको मानिनेछ र सो बमोजिम कर निर्धारण गरी असुल गरिनेछ ।

स्पस्टिकरण "पूँजीगत सामान" भन्नाले कुनै सम्पत्ति वा सम्पत्तिको कुनै भाग र करलाग्ने कारोवारमा प्रयोग हुने सम्पत्तिलाई जनाउँछ ।

(४)[२५] कर लाग्ने कारोवार हुंदा कुनै कुरा गरेको वा नगरेको कारणले यस ऐन बमोजिम गनुपर्ने कार्य तथा दायित्व भएमा सो करदाताको दर्ता खारेज हुदैमा त्यस्तो दायित्वको असरबाट उन्मुक्ति पाउने छैन ।

१२. **कर लाग्ने मूल्य** : (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नगद मात्र प्रतिफल भएको अवस्थामा आपूर्तिकर्ताले प्रापकसँग लिएको मूल्य मात्र कर लाग्ने मूल्य हुनेछ ।

(२) कर लाग्ने मूल्यमा देहायका रकमहरु समावेश हुनेछन् :

(क) कारोवारको सिलसिलामा आपूर्तिकर्ताले व्यहोरेको ढुवानी र वितरण सम्बन्धी खर्चहरु र नाफाको रकम,

(ख) यस ऐन बमोजिमको कर बाहेक अन्तःशुल्क, स्वामित्व शुल्क[२६] र अन्य कर रकम।

स्पष्टीकरण [२७]: यस खण्डको प्रयोजनको लागि "अन्य कर रकम" भन्नाले सालबसाली आर्थिक ऐनले तोकिदिए बमोजिम लाग्ने महशुल, दस्तुर र शुल्क सम्झनु पर्छ ।

(३) वस्तु वा सेवा आपूर्ति गर्दा मूल्यमा दिईएको डिस्काउण्ट, कमिशन वा यस्तै अन्य व्यापारिक छुटको रकमलाई कर लाग्ने मूल्यमा समावेश गरिने छैन ।

(४) वस्तु विनियम अन्तर्गत आदान प्रदान गरिएका वस्तु वा सेवाको कर लाग्ने मूल्य त्यसरी आदान प्रदान गरिएका वस्तु वा सेवाको बजार मूल्य बराबर हुनेछ ।

(५) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आयात गरेको वस्तुको कर लाग्ने मूल्य कायम गर्दा मूल्य अभिबृद्धि कर बाहेक ढुवानी, बीमा, एजेण्ट र अन्य व्यक्तिहरुको कमिशन आदि समेतको पैठारी मूल्य, पैठारी महसुल, समीकारक महसुल र पैठारीमा लाग्ने अन्य कुनै कर भए सो समेत जोडी कर लाग्ने मूल्य कायम गरिनेछ ।

(६) कुनै वस्तु वा सेवाको मूल्य प्रचलित बजार मूल्य भन्दा ज्यादै कम देखिएमा त्यस्तो वस्तु वा सेवाको कर लाग्ने मूल्य बजार मूल्य बराबर हुनेछ ।

(७) आंशिक प्रतिफल लिई आपूर्ति गरेको वस्तु वा सेवाको कर लाग्ने मूल्य बजार मूल्य बराबर हुनेछ

---

[२३] आर्थिक ऐन, २०६४ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[२४] आर्थिक ऐन, २०६३ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । संशोधन पहिले निम्न व्यवस्था थियो :
"(३)पहिले कर कट्टी सुविधा लिइ सकिएका वस्तुहरुमध्ये दर्ता खारेज हुँदाका बखत बाँकी रहेको मौज्दात (पूँजीगत सामान समेत) मा तोकिए बमोजिम कर निर्धारण गरी असुल गरिनेछ ।"

[२५] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[२६] आर्थिक ऐन, २०६५ ले थप ।

[२७] पहिलो संशोधनले थप ।

(८) कुनै वस्तु वा सेवा वापत राखिएको धरौटी रकम आपूर्तिकर्ताले त्यस्तो वस्तु वा सेवाको प्रतिफलको रुपमा तोकिए बमोजिम मिलान नगरेसम्म कर लाग्ने मूल्य मानिने छैन ।

१२क.[२८] **काठको कारोबारमा कर लाग्ने मूल्य**: (१) राष्ट्रिय वनको काठ लिलामी, छोडपूर्जी, वा चिरान आदेश पाएको समयमध्ये जुन पहिले हुन्छ सो समयमा त्यस्तो काठको रोयल्टी रकम वा लिलाम रकममा जुन बढी हुन्छ सो रकममा कर लगाई असुलउपर गरिनेछ ।

(२) निजी आवादी, निजीवन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि बिक्री गरेमा रोयल्टी नलाग्ने भए पनि उपदफा (१) मा व्यवस्था भए बमोजिम राष्ट्रिय वनको काठ सरह नै कर लाग्नेछ ।"

१३. **बजार मूल्य**: (१)[२९] कुनै दिनमा आपूर्ति गरिएको वस्तु वा सेवाको वजार मूल्यको निर्धारण असम्बन्धित व्यक्तिहरुका बीच स्वतन्त्र रुपले आपूर्ति भएको त्यस्तै किसिमको वस्तु वा सेवा वापत प्राप्त हुने प्रतिफललाई ध्यानमा राखी निर्धारण गरिनेछ ।

(२) यस दफाको प्रयोजनको लागि बजार मूल्य निर्धारण गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कुनै वस्तु वा सेवाको बजार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा महानिर्देशकले तोकेको प्रक्रिया अनुसार त्यस्तो वस्तु तथा सेवाको बजार मूल्य निर्धारण गरिनेछ ।

१४. **बिजक दिनु पर्ने** : (१) प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनु पर्नेछ ।

तर दश लाख रुपैयाँ भन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले दर्ता नभएको भएपनि आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ[३०] ।

(२) बिजकको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(३) बिजक लिनु प्रापकको कर्तव्य हुनेछ ।

(४)[३१] दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्र वाहिर ढुवानी गर्नेले कर वीजक साथमा राख्नु पर्नेछ ।

---

[२८] आर्थिक अध्यादेश, २०५९ (श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[२९] पहिलो संशोधनले संशोधित, संशोधन पहिले निम्न व्यवस्था थियो :

"(१) कुनै दिनमा आपूर्ति गरिएको वस्तु वा सेवाको बजार मूल्यको निर्धारण त्यस्तै वस्तु वा सेवाको समान परिमाण गुणस्तर तथा प्रकृतिको परिस्थितिमा असम्बन्धित व्यरुक्तिहरुका बीच स्वतन्त्ररुपले आपूर्ति भएको त्यस्तो बस्तु वा सेवा बापत प्राप्त हुने प्रतिफललाई ध्यानमा राखी निर्धारण गरिनेछ ।"

[३०] आर्थिक अध्यादेश, २०५९ (श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[३१] आर्थिक ऐन, २०६३ ले उपदफा (४), (५), (६) र (७) थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । विभिन्न आर्थिक अध्यादेशहरुवाट उपदफा (३) पछि निम्न उपदफाहरु निम्न वमोजिम थप भएको थियो :

(क) **आर्थिक अध्यादेश २०६२ (माघ) वाट** :

"(४) दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्र वाहिर ढुवानी गर्नेले कर वीजक साथमा राख्नु पर्नेछ ।

(५) विभागले करदातालाई क्याश मेसिन वा कम्प्युटरको प्रयोग गरी बीजक जारी गर्न आदेश दिन सक्नेछ । यसरी विभागले आदेश दिंदा अपनाउनु पर्ने प्रकृया महानिर्देशकले तोके बमोजिम हुनेछ ।"

(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै व्यक्तिले सोही सूचनामा तोकेको वस्तुको तोकेको समयावधिका लागि त्यस्तो वस्तुको खुद्रा विक्री मूल्य सार्वजनिक गर्नुपर्ने गरी तोक्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले त्यस्तो वस्तुको दर्ता नभएको व्यक्तिलाई विक्री गर्दा सार्वजनिक भएको मूल्यमा तोकिएको ढाँचामा बीजक जारी गरी उपभोक्ता तहको कर समेत असुलउपर गराउने व्यवस्था गरिनेछ ।

तर उपदफा (६) बमोजिम नतोकिएको कुनै व्यक्तिले स्वेच्छाले यस उपदफा अनुसारको तोकिएको ढाँचामा विजक जारी गर्न सक्नेछ ।"

(क१) **राजस्व सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने सम्बन्धमा बनेको अध्यादेश, २०६२ (आश्विन)** ले उपदफा (४) लाई निम्न बमोजिम संशोधन गरेको थियो :

"(४) दश हजार रुपैयाभन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्र वाहिर ढुवानी गर्नेले कर विजक साथमा राख्नु पर्नेछ ।"

(ख) **आर्थिक अध्यादेश, २०६२ (श्रावण) वाट** :

(५) विभागले करदातालाई क्याश मेसिन वा कम्प्युटरको प्रयोग गरी बीजक जारी गर्न आदेश दिन सक्नेछ । यसरी विभागले आदेश दिंदा अपनाउनु पर्ने प्रकृया महानिर्देशकले तोके बमोजिम हुनेछ ।

(६) विभागले सूचना प्रकाशन गरी वा लिखित आदेश दिई तोकेको कुनै व्यक्तिले कुनै वस्तुको सोही सूचना वा आदेशमा तोकेको वस्तुको तोकेको समयावधिका लागि त्यस्तो वस्तुको खुद्रा विक्री मूल्य सार्वजनिक गर्नुपर्ने गरी तोक्न सक्नेछ ।

यस्तो सूचना वा आदेश प्राप्त भए पछि खुद्रा विक्री मूल्य सार्वजनिक नगरी कुनै वस्तुको विक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले त्यस्तो वस्तुको दर्ता नभएको व्यक्तिलाई विक्री गर्दा सार्वजनिक भएको मूल्यमा तोकिएको ढाँचामा वीजक जारी गरी उपभोक्ता तहको कर समेत असुलउपर गराउने व्यवस्था गरिनेछ ।

तर उपदफा (६) बमोजिम नतोकिएको कुनै व्यक्तिले स्वेच्छाले यस उपदफा अनुसारको तोकिएको ढाँचामा विजक जारी गर्न सक्नेछ ।

१५. **दर्ता नभएको व्यक्तिले कर उठाउन नहुने:** (१) दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बिजक वा कागजात जारी गर्न र कर उठाउन हुँदैन ।

(२) दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिनेछ ।

(३)[३२] उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय निकाय वा नेपाल सरकारले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्नेछ ।

१६. **कारोवारको लेखा राख्नु पर्ने:** (१) करदाताले दफा १८ बमोजिमको कर अवधिको आफ्नो कारोवारको लेखा अद्यावधिक राख्नु पर्नेछ र त्यस्तो लेखा निरीक्षण गर्न कर अधिकृतले माग गरेमा जहाँसुकै रहेको निजको त्यस्तो लेखा कर अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

(१क)[३३] विभागले करदाताको कम्प्युटर तथ्यांक आधार (डाटावेश) मा निरन्तर पहुँच प्राप्त गर्न सक्नेछ ।

(२) करदाताले राखेको लेखामा देहायका कुराहरु समेत समावेश हुनु पर्नेछ :-

(क) कारोवारको भएको मिति,

(ख) प्रत्येक कारोवारको मूल्य,

(ग) कारोवारको अर्को पक्ष दर्ता भएको रहेछ भने निजको दर्ता नम्बर र

---

"(४) व्यापारिक प्रयोजनको लागि दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवा खरिद गर्नेले दर्ता भएको व्यक्तिसंग खरिद गरी बीजक लिनु पर्नेछ । यस्तो मालसामान ढुवानी गर्दा खरिद बीजक साथमा रहेको हुनु पर्नेछ ।
(५) विभागले करदातालाई क्याश मेसिन वा कम्प्युटरको प्रयोग गरी बीजक जारी गर्न आदेश दिन सक्नेछ । यसरी विभागले आदेश दिंदा अपनाउनु पर्ने प्रकृया महानिर्देशकले तोके बमोजिम हुनेछ ।"

(ग) **आथिक अध्यादेश, २०६० (श्रावण) वाट** :
"(४) व्यापारिक प्रयोजनकोलागि दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवा खरीद गर्नेले दर्ता भएको व्यक्तिसंग खरीद गरी विजक लिनु पर्नेछ । यस्तो मालसामान ढुवानी गर्दा खरीद विजक साथमा रहेको हुनु पर्नेछ ।
(५) विभागले करदातालाई क्याश मेसिन वा कम्प्युटरको प्रयोग गरी बीजक जारी गर्न आदेश दिन सक्नेछ । यसरी विभागले आदेश दिंदा अपनाउनु पर्ने प्रकृया महानिर्देशकले तोके बमोजिम हुनेछ ।"

(घ) **आर्थिक अध्यादेश, २०५९ (श्रावण) वाट** :
"(४) रु. १० लाखभन्दा वढीको वार्षिक कारोवार गर्ने करदाताले दर्ता नभएको भएपनि आफ्नो नाम ठेगाना तथा स्थायी लेखा नम्वर (PAN) उल्लेख गरी सिलसिलेवार नम्वर सहितको विक्री विजक अनिवार्य रुपमा जारी गर्नुपर्ने छ ।"

(ङ) **आर्थिक अध्यादेश, २०५९(माघ) वाट** :
"(४) व्यापारिक प्रयोजनकोलागि दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवा खरीद गर्नेले दर्ता भएको व्यक्तिसंग खरीद गरी विजक लिनु पर्नेछ । यस्तो मालसामान ढुवानी गर्दा खरीद विजक साथमा रहेको हुनु पर्नेछ ।" भन्ने व्यवस्था गरेको थियो ।"

[३२] आर्थिक अध्यादेश, २०६० (श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[३३] आर्थिक अध्यादेश, २०६० (श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

(घ) कारोवारसँग सम्बद्ध तोकिए बमोजिमका अन्य कुराहरु ।

(३) दर्ता भएको व्यक्तिले सम्बन्धित कर अधिकृतद्वारा प्रमाणित भएको खरिद तथा विक्री खाता लेखा राख्ने प्रयोजनको निमित्त प्रयोग गर्नु पर्नेछ ।

(३क)[३४] कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्ता नभएका व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि खरिद बिक्री खाता आफैले प्रमाणित गरी राख्नु पर्नेछ । त्यस्तो खाता कर अधिकृतले जुनसुकै बखत जाँच गर्न सक्नेछ ।

(४) करदाताले कारोवारको लेखा तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

(५)[३५] यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमले तोकेको प्रकृया पूरा गरी करदाताले राखेको लेखालाई अन्यथा प्रमाणित नभएसम्म मान्यता दिइनेछ ।

१६क.[३६] **कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रुपमा ग्राह्य हुने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि करको प्रयोजनको निमित्त अन्यथा प्रमाणित भएमा बाहेक विभाग वा सो अन्तर्गतका कार्यालयमा रहेका कम्प्युटरबाट प्रशोधित करदाता सम्बन्धी अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेछ ।

(२)[३७] विभागले सूचना प्रकाशन गरी विद्युतीय माध्यमबाट बीजक जारी गर्ने, लेखा राख्ने, कर विवरण पेश गर्ने तथा भुक्तानी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१६ख.[३८] **नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने** : आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर तोकिए बमोजिम कट्टी गर्न पाइनेछ ।"

१७. **कर कट्टी** : (१) दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोवारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ ।

(२)[३९] उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसायिक वा व्यक्तिगत दुवै प्रयोजनको लागि प्रयोग हुन सक्ने तोकिएका वस्तुहरुका हकमा कर कट्टी गर्न नपाउने वा आंशिक रुपमा मात्र कर कट्टि गर्न पाउने व्यवस्था गर्न सकिनेछ ।

---

[३४] आर्थिक ऐन, २०६४ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[३५] पहिलो संशोधनले थप ।

[३६] पहिलो संशोधनले थप ।

[३७] आर्थिक ऐन, २०६४ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[३८] आर्थिक ऐन, २०६४ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । आर्थिक ऐन, २०६३ ले निम्न व्यवस्था गरेको थियो :

"१६ख. **नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने** : (१) आगजनी, चोरी, दुर्घटना, टुटफुट वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर तोकिए बमोजिम कट्टी गर्न पाइनेछ । विध्वंसात्मक गतिविधि अन्तर्गत त्यस्तो नोक्सान भएको भए एक वर्षभित्र कर कट्टी गर्न निवेदन दिई सक्नु पर्नेछ ।"

आर्थिक अध्यादेश, २०६० ले यो दफा थप गरी निम्न व्यवस्था गरेको थियो :

"१६ख. **नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने** : (१) आगजनी, चोरी, दुर्घटना, टुटफुट वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर तोकिए बमोजिम कट्टी गर्न पाइनेछ ।"

[३९] आर्थिक ऐन, २०६४ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । संशोन पहिले निम्न व्यवस्था थियो :

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक वा व्यक्तिगत दुवै प्रयोजनको लागि प्रयोग हुन सक्ने देहायका वस्तुहरुका हकमा कर कट्टी गर्न नपाउने वा आंशिक रुपमा मात्र कर कट्टी गर्न पाउने व्यवस्था गर्न सकिनेछ :

(क) हवाइजहाज,

(ख) मोटर,

(ग) ...........*

(घ) .......... **तोकिए बमोजिमका अन्य वस्तुहरु ।

स्पस्टीकरण***:

(क) "व्यक्तिगत प्रयोजन" भन्नाले आफू वा निजको नातेदारले प्रयोग गर्ने समेत जनाउनेछ ।

(३) कुनै महिनामा कारोवार भएको वस्तु वा सेवाको पूर्ण अंश कर लाग्ने कारोवारमा प्रयोग नभएमा उक्त वस्तु वा सेवामा पहिले तिरेको कर कट्टी सो वस्तु वा सेवाको कर लाग्ने कारोवारमा प्रयोग भएको अंशमा मात्र तोकिए बमोजिम प्रदान गरिनेछ ।

(४) यस दफा बमोजिम कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको तोकिए बमोजिमको उपयोगिताको अवधि समाप्त हुनु भन्दा अगावै कर लाग्ने कारोवारमा प्रयोग हुन छाडेमा तोकिए बमोजिम सो वस्तु वा सेवा तत्काल बजार मूल्यमा विक्री भएको मानि कर असुल उपर  गरिनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएका भए तापनि प्रयोग भैसकेका वस्तुहरुको कारोवार गर्ने दर्ता भएको व्यक्तिले पाउने कर कट्टी सुविधा तोकिए बमोजिम हुनेछ ।

(५क)[४०] उपदफा (२) को अधिनमा रही वित्तिय पट्टा अन्तर्गत ऋण संझौता गरी पैठारी वा खरीद गरिएका पूँजीगत वस्तुहरुमा तिरेको कर सम्वन्धित करदाताले कट्टी गर्न पाउनेछ ।

(५ख)[४१] दफा १२क. र दफा १५ को उपदफा (३) बमोजिम तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिईनेछ ।

(६) यस ऐन बमोजिमको कर कट्टी सुविधा तोकिए बमोजिमका कागजातहरुद्वारा दावी प्रमाणित भएपछि मात्र दिइनेछ ।

(७) दर्ता हुँदाका बखत मौज्दातमा रहेको कर लाग्ने कारोवारमा प्रयोग हुने वस्तुमा तिरेको वा तिर्नु पर्ने कर कट्टी गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८)[४२] यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लगातार छ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरिनेछ र त्यस्ता करदाताको करकट्टी गर्नु पर्ने रकम वाँकी भए निलम्वन गर्न र निजको दर्ता समेत निलम्वन गर्न सकिनेछ ।

(९) [४३]............

---

(ख) "नातेदार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी, छोरा, छोरी (धर्मपुत्र, धर्मपुत्री समेत), बाबु, आमा, बाजे, बज्यै, दाजु, भाई, भाउजु, बुहारी, दिदी, वहिनी, सासु, ससुरा, साला, जेठान, साली, जेठीसासु, काका, काकी, भतिजा, भतिजी, नाती र नातिनी सम्झनु पर्छ ।

* पहिलो संशोधन ले झिकेको, झिक्नु भन्दा पहिले "(ग) कम्प्यूटर" भन्ने वाक्यांश थियो ।

** तोकिए बमोजिमका अन्य वस्तुहरु । (आर्थिक अध्यादेश, २०६१ (श्रावण) ले "धेरै मूल्य पर्ने" भन्ने वाक्यांश झिकेको

*** आर्थिक ऐन, २०६३ ले थप गरेको ।

[४०] आर्थिक ऐन, २०६३ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । पहिलो संशोधनवाट थप भएको यो उपदफामा निम्न व्यवस्था थियो :

"(५क) हायर पर्चेच कर्जा वा धितोबन्धकमा बैंक वा वित्तीय संस्थाको नाउँमा पैठारी वा खरीद गरिएको मेशिनरी जस्ता पूँजीगत वस्तुहरु सम्बन्धित उद्योग, कम्पनी आदिले पैठारी वा खरिद गरे सरह मानेर त्यसमा तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ ।"

**तर आर्थिक अध्यादेश, २०६१(श्रावण) ले उक्त दफालाई निम्न बमोजिम संशोधन गरेको थियो :**

"(५क) उपदफा (२) को अधिनमा रही हायर पर्चेज कर्जा वा धितोबन्धकमा बैंक वा वित्तीय संस्थाको नाउँमा पैठारी वा खरिद गरिएको पूँजीगत वस्तुहरु करदाताले पैठारी वा खरिद गरे सरह मानेर त्यसमा तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ ।"

[४१] आर्थिक अध्यादेश, २०६० ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[४२] आर्थिक ऐन, २०६४ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । आर्थिक ऐन, २०६३ ले उपदफा (८) थप गरी निम्न व्यवस्था गरेको थियो :

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लगातार छ महिनासम्म करको विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरिनेछ र त्यस्ता करदाताको करकट्टी गर्नुपर्ने रकम वाँकी भए शुन्य गरिने छ र निजको दर्ता स्वतः निलम्वन हुनेछ ।"

[४३] आर्थिक ऐन, २०६४ ले झिकेको, आर्थिक ऐन, २०६३ ले थप गरी निम्न व्यवस्था गरेको थियो :

१८. **कर विवरण पेश गर्नु पर्ने** : (१) करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरी[४४] तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ । यस्तो विवरण सो महिनामा कर लाग्ने कारोवार गरेको वा नगरेको जे सुकै भए तापनि पेश गर्नु पर्नेछ ।

(१क)[४५] उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आन्तरिक राजस्व कार्यालय नभएका जिल्लाका करदाताले आफुले कर विवरण बुझाउनु पर्ने महिनाको पन्ध्र गतेभित्र सोही जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने कर रकम बुझाई कर विवरण पेश गर्न सक्नेछ । यसरी प्राप्त हुन आएको कर विवरण तथा कर भुक्तानीको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयले सात दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका करदाताले एक महिना भन्दा कम वा बढी अवधिको कर विवरण पेश गर्न सक्नेछ ।

१९. **करको भुक्तानी** : [४६](१) करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चिस दिन भित्र बुझाउनु पर्नेछ ।

(२)[४७] करदाताले उपदफा (१) मा उल्लेखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा वांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।

(३)[४८] ...........

(४) करदाताले आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा म्यादभित्र करको रकम बुझाउन नसकेको कारण देखाई उपदफा (२)[४९] बमोजिम लाग्ने थप दस्तुहरु मिनाहा पाउन निवेदन गरेमा र कारण मनासिव देखेमा महानिर्देशकले त्यस्तो दस्तुर मिनाहा दिन सक्नेछ ।

(५) उपदफा (२)[५०] बमोजिमको थप दस्तुहरु र दफा २६ बमोजिमको ब्याज हिसाव गर्दा बुझाउनु पर्ने कर रकमको दायित्व जुन महिनाको कारोबारबाट सिर्जना भएको हो सोही महिनाको कर बुझाउनु पर्ने म्याद गुज्रेको मितिदेखि नै गणना गरिनेछ ।

---

"(९) उपदफा (८) बमोजिम दर्ता निलम्बन भएको करदाताको जानकारी कार्यालयले सबै करदातालाई दिनेछ र त्यस्तो जानकारी प्राप्त भइसकेपछि त्यस्तो करदाताबाट कुनै वस्तु वा सेवा खरिद गर्ने व्यक्तिलाई त्यस्तो वस्तु वा सेवामा तिरेको कर रकम वापत करकट्टी वा कर फिर्ता दिइने छैन ।"

[४४] आर्थिक अध्यादेश, २०५९(श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[४५] आर्थिक अध्यादेश, २०५९(माघा) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[४६] पहिलो संशोधनद्धारा संशोधित । सो भन्दा अघिको व्यवस्था निम्न थियो :

"(१) करदाताले प्रत्येक महिनाको कर सो महिना समाप्त भएको मितिले पच्चिस दिनभित्र बुझाउनु पर्नेछ ।"

[४७] आर्थिक अध्यादेश २०६१(श्रावण) ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । यो उपदफामा पहिलो संशोधनले निम्न व्यवस्था गरेको थियो :

"(२) करदाताले उपदफा (१) मा उल्लेखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा त्यस्तो म्याद नाघेको महिना पछिको महिनाको मसान्तसम्म त्यस्तो बाँकी कर रकममा पाँच प्रतिशत थप दस्तुर बुझाउनु पर्नेछ ।" **(पहिलो संशोधनभन्दा अघि "दश" प्रतिशत थप दस्तुर बुझाउनु पर्ने व्यवस्था थियो) ।**

[४८] आर्थिक अध्यादेश २०६१ (श्रावण) ले खारेज, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । यो उपदफामा पहिलो संशोधनले निम्न व्यवस्था गरेको थियो :

"(३) उपदफा (२) बमोजिमको म्याद भित्र पनि करदाताले बुझाउनु पर्ने कर नबुझाएमा निजले त्यस बखतसम्म बुझाउनु पर्ने करको रकमको अतिरिक्त पाँच प्रतिशत थप दस्तुर बुझाउनु पर्नेछ ।"(पहिलो संशोधनभन्दा अघि "दश" प्रतिशत अतिरिक्त थप दस्तुर वुझाउनु पर्ने व्यवस्था थियो) ।

[४९] आर्थिक अध्यादेश २०६१ (श्रावण) ले "उपदफ (२) वा (३) भन्ने शव्दको सट्टा" "उपदफ (२)" राखेको । आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

(६)[५१] दफा २० बमोजिम करदाताको कर निर्धारण गर्दा सो कर अवधिमा निजसंग असुल गर्नु पर्ने कर भन्दा निजले फिर्ता पाउन सक्ने कर बढी भएको पाइएमा निजको सो कर अवधिमा कर निर्धारण गर्दा थप दस्तुर र व्याज असुल गरिने छैन ।

(७) उपदफा (१) मा उल्लेखित म्यादभित्र करको भुक्तानी बैंकले प्रत्याभूति दिएको चेक (गुड फर पेमेन्ट चेक) बाट समेत गर्न सकिनेछ । यसरी बैंकले प्रत्याभूति दिएको चेक (गुड फर पेमेन्ट चेक) कार्यालयले बुझेको मितिदेखि नै करको भुक्तानी भएको मानिनेछ ।

(८) व्याज, थप दस्तुर र जरिवाना माथि व्याज असुल गरिने छैन ।

२०. **कर अधिकृतले कर निर्धारण गर्न सक्ने** : (१) देहायका कुनै अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्नेछ :

(क) म्यादभित्र कर विवरण पेश नगरेमा,

(ख) अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेमा,

(ग) झुट्टा कर विवरण पेश गरेमा,

(घ) करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा ।

(ङ)[५२] आपूर्ति मूल्यमा न्यून विजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा ।

(च)[५३] न्यून विजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा ।

(छ)[५४] दर्ता हुनुपर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोवार गरेमा,

(ज) बिजक जारी नगरी विक्री गरेमा,

(झ) दर्ता नभएको व्यक्तिले कर उठाएमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्दा देहायका कुनै वा सबै आधारमा करको निर्धारण गर्न सकिनेछ ।

(क) कारोवारको सबूद,

(ख) कारोवारको सम्बन्धमा सम्बन्धित कर अधिकृतले पेश गरेको कर परीक्षण प्रतिवेदन,

(ग) समान प्रकृतिको कारोवारमा संलग्न अन्य व्यक्तिले बुझाएको कर,

(२क) ................[५५]

---

५० आर्थिक अध्यादेश २०६१ (श्रावण) ले "उपदफ (२) र (३) भन्ने शव्दको सट्टा" "उपदफ (२)" राखेको । आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

५१ पहिलो संशोधनवाट उपदफा (६), (७) र (८) थप ।

५२ पहिलो संशोधनले थप ।

५३ आर्थिक ऐन, २०६४ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । आर्थिक ऐन, २०६३ ले उपदफा (१) को (च) थप गरी निम्न व्यवस्था गरेको थियो :

"(च) समूह कम्पनीमा आपूर्ति भएमा ।"

५४ आर्थिक ऐन, २०६५ ले खण्ड (छ), (ज) र (झ) थप गरेको ।

५५ आर्थिक ऐन, २०६४ ले झिकेको, झिक्नु भन्दा पहिले आर्थिक ऐन, २०६३ ले निम्न व्यवस्था गरेको थियो:

"(२क) कुनै प्रवन्धक वा निर्देशकले पूण वा आंशिक रुपमा कर छल्ने नियतले गरेको कुनै कार्यद्वारा कुनै निकायलाई लागेको कर, दण्ड, जरिवानाको दायित्वमा त्यस्तो नियतले काम गर्ने प्रवन्धक, निर्देशकले सो दायित्व व्यक्तिगत रुपमा व्यहोर्नु पर्नेछ ।

त्यस्तो कार्य गर्ने प्रवन्धक वा निर्देशकले कर छल्ने नियतले गलत सूचना, गलत लिखत, गलत तथ्यांक वा त्यस्तै कुनै कार्य गरि जति कर छलेको हो सो रकम र त्यसमा कानून बमोजिम लाग्ने शुल्क, जरिवानाको दायित्व वहन गर्नुपर्ने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएका भए तापनि उपरोक्त बमोजिम करको निर्धारण गर्दा प्रमाणको भार पुऱ्याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुनेछ ।

(४)[५६] उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गरेको मितिले चार वर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेछ । सो अवधिभित्र कर निर्धारण हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य भएको मानिनेछ ।

(४क)[५७] उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले झुठा लेखा वा बिजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने जुनसुकै वखत विभागले पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ ।

(५) यस दफा बमोजिम कर निर्धारण गर्दा कर अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न पन्ध्र[५८] दिनको म्याद दिनु पर्नेछ ।

२१. **करको असुली** : (१) यस ऐन बमोजिमको म्यादभित्र बुझाउनु पर्ने कर कुनै करदाताले नबुझाएमा महानिर्देशकको पूर्व स्वीकृति लिई सम्बन्धित कर अधिकृतले देहायका कुनै वा सबै तरिका अपनाई कर असुल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) करदाताको चल तथा अचल सम्पति कब्जा गरेर ।

(ग)[५९] करदाताको सम्पूर्ण वा केही सम्पत्ति एकै पटक वा पटक पटक गरी सिलबन्दी वोलपत्र वा सार्वजनिक वढावढद्वारा लिलाम विक्री गरेर ।

(घ) बैंक तथा अन्य वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै संगठित संस्था वा स्थानीय निकायहरुबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(च) कुनै तेश्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(छ) करदाताको आयात निर्यात र अन्य कारोवार रोक्का गरेर ।

(२)[६०] .............

---

तर कुनै निकायको प्रवन्धक वा निर्देशकले असल नियतले काम गर्दा वा दायित्व वहन गर्दा पनि निकायद्वारा कर छलिएको पाइएमा सोको दायित्व निकायले वहन गनुपर्नेछ ।"

[५६] आर्थिक ऐन, २०६३ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । यो उपदफामा आर्थिक अध्यादेश, २०६२(श्रावण) ले निम्न बमोजिम संशोधन गरेको थियो :

"(४) उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर निर्धारण गरिसक्नु पर्नेछ । उक्त अवधिभित्र कर निर्धारण हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य भएको मानिनेछ ।"

यो संशोधनभन्दा पहिले निम्न व्यवस्था रहेको थियो :

"(४) उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गर्नु पर्ने वा पेश गरेको मितिमध्ये जुन पहिले हुन्छ सो मितिले चार वर्ष भित्र कर निर्धारण गरिसक्नु पर्नेछ । उक्त अवधिभित्र पनि कर निर्धारण हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य भएको मानिनेछ ।"

[५७] आर्थिक अध्यादेश, २०६२(श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[५८] पहिलो संशोधन ले"सात" को सट्टा "पन्ध्र" गरेको ।

[५९] आर्थिक अध्यादेश, २०६२(माघ) ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । सो भन्दा पहिले निम्न व्यवस्था थियो :

"(ग) करदाताको सम्पूर्ण वा केही सम्पति एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर ।"

[६०] आर्थिक अध्यादेश, २०६०(श्रावण) ले खारेज, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । आर्थिक ऐन, २०६३ ले पनि खारेजलाई निरन्तरता दिएको । खारेज हुनुभन्दा अघि यो उपदफामा निम्न व्यवस्था थियो :

(३)[६१] कर असुली वा फिर्ता गर्दा एक रुपैयाँ भन्दा घटी भएको रकमलाई हिसावमा गणना गरिने छैन ।

२२. **शंकास्पद अवस्थामा कर निर्धारण** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै करदाताले नेपाल अधिराज्य छोडी जाने वा आफ्नो सम्पति अरु कसैलाई हस्तान्तरण गर्ने, हटाउने वा लुकाउने सम्भावना भई कर असुली हुन नसक्ने अवस्था छ भन्ने विश्वास गर्ने आधार भएमा कर अधिकृतले महानिर्देशकको स्वीकृति लिई लाग्ने तथा लागेको कर तुरुन्त निर्धारण गर्न र असुल गर्न सक्नेछ ।

२२क.[६२] **कर छल्ने योजना विरुद्धको व्यवस्था** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि करको फाइदा लिने बदनियतले देहायको कुनै कार्य गरेमा, कर मुक्ति योजना गरी कर छल्ने दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो करदाताको कर निर्धारण गरी कर असुल उपर गर्ने आदेश कर अधिकृतलाई दिन सक्नेछ :

(क) यस ऐनमा भएको व्यवस्थाको दुरुपयोग गरी कर छल्ने बदनियतले कुनै योजना तथा कार्य गरी करको दायित्व कम गरेमा,

(ख) कुनै व्यक्ति वा निकायले कर दायित्व कम गर्ने बदनियतले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले संझौता गरेमा ।

स्पष्टीकरण : ............[६३]

२३. **जाँच तथा परीक्षण सम्बन्धी अधिकार** : (१) यस ऐन बमोजिम दर्ता गर्नु पर्ने करदाताले दर्ता नगरी कर लाग्ने कारोवार गरेको छ भन्ने कुरामा विश्वास गर्नु पर्ने मनासिव आधार भएमा कर अधिकृतले जाँचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्ने, दर्ता भएको व्यक्तिले दफा १८ बमोजिम पेश गरेको कर विवरण जाँच गर्ने र दफा २० बमोजिम कर निर्धारण गर्ने प्रयोजनका लागि कर अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) कर दायित्वसँग सम्बन्धित वस्तुहरु, स्थान, कागजात, लेखा तथा अभिलेख जाँच गर्ने,

(ख) करदाताको कारोवार स्थल वा यस ऐन अन्तर्गत कसूर मानिने कार्यसित सम्बन्धित प्रमाणहरु हुनसक्ने सम्भावना भएका अन्य स्थलहरुमा खानतलासी लिने,

(ग) आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै अभिलेख, किताब, खाता, कागजातहरु तयार गर्ने वा तिनीहरुमा विवरण भर्ने व्यक्तिसँग जानकारी माग गर्ने,

(घ) करदाताको कारोवारस्थल वा सोसँग सम्बन्धित अन्य स्थलमा रहेको कुनै कागजात, किताब तथा अभिलेखलाई हटाउने वा कब्जा गर्ने वा अन्यत्र लैजाने,

---

"(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम निर्धारण भएको कर त्यसरी निर्धारण भएको मितिले ६ बर्षपछि असूल गर्न सकिने छैन ।"

[६१] पहिलो संशोधनले थप ।

[६२] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[६३] आर्थिक ऐन, २०६४ ले झिकेको, आर्थिक ऐन, २०६३ ले स्पष्टीकरणमा निम्न व्यवस्था गरेको थियो :

**स्पष्टीकरण**:

(२) यस दफाको प्रयोजनको लागि :

(क) "योजना" भन्नाले कुनै सम्झौता, व्यवस्था, फाइदा, प्रत्यक्ष वा अप्रत्यक्ष रुपले त्यस्तो योजना कार्यान्वयन गर्ने वा नगर्ने कार्यलाई जनाउँछ

(ख)"करको फाइदा" भन्नाले कुनै व्यक्तिको कर तिर्ने दायित्व घटाउने वा कुनै व्यक्तिको कर कट्टी वा कर फिर्ता व्यवस्थामा वृद्धि गर्ने वा अन्य कुनै पनि किसिमले कर तिर्ने दायित्वलाई छल्ने उद्देश्यले भएको देहायको कामलाई जनाउँछ :

(१) करमा दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्तिसरह कुनै व्यवहार, कुनै किसिमको करको फाइदा लिने कार्यमा संलग्न हुने,

(२) करमा दर्ता नभएको व्यक्तिले कर लाग्ने तथा नलाग्ने वस्तु वा सेवाको आपूर्ति गरेमा र त्यस्तो आपूर्ति व्यवस्थाले करमा दर्ता भएको व्यक्तिलाई प्रभाव पार्ने,

(३) बजार मूल्यलाई प्रभाव पार्ने गरी कुनै वस्तु तथा सेवाको आपूर्ति गर्ने ।

(ङ) करदाताको कारोवार संचालन गर्ने स्थान वा कर कार्यालय वा अन्य कुनै उपयुक्त स्थानमा करको लेखापरीक्षण गर्ने ।

(३) कर अधिकृतले बैंक तथा वित्तिय संस्था लगायत कुनै व्यक्तिसँग कुनै करदाताको कारोवारको सम्बन्धमा कुनै कुराको जानकारी माग गरेमा त्यस्तो सूचना कर अधिकृतलाई दिनु त्यस्तो व्यक्तिको कर्तव्य हुनेछ ।

२३क.[६४] **स्थानीय प्रशासन तथा प्रहरीले सहयोग गर्नुपर्ने** : यो ऐन कार्यान्वयन गर्ने सिलसिलामा कर अधिकृतले स्थानीय प्रशासन तथा प्रहरीको सहयोग मागेमा त्यस्तो सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ ।

२३ख.[६५] **कर सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालबसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संसोधन गरी कर लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छूट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा वाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका करका व्यवस्थाहरुमा कुनै पनि संशोधन, परिवर्तन वा कर सम्बन्धी अन्य व्यवस्थाहरु गर्न सक्ने छैन ।

२३ग.[६६] **न्यून बीजकीकरणका वस्तु खरीद गर्ने** : (१) कुनै व्यक्तिले प्रचलित बजार मूल्य भन्दा बिक्री मूल्य कम देखाई न्यून बीजकीकरण गरी कुनै बस्तु बिक्री गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि त्यसरी न्यून बीजकीकरण गरी बिक्री गरेको त्यस्तै प्रकृतिको मौज्दातमा बाँकी रहेको वस्तु कर अधिकृतले रोक्का राखी न्यून बीजकीकरण गरी बिक्री गरेको मूल्यमा विभाग वा आन्तरिक राजस्व कार्यालयले खरीद गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विभाग वा कार्यालयले वस्तु खरीद गर्दा वा गराउँदा त्यस्तो व्यक्तिले वस्तु बिक्री गर्न मञ्जुर नगरेमा विभाग वा कार्यालयले त्यस्तो वस्तु आफ्नो कब्जामा लिई न्यून बीजकीकरण गरी बिक्री गरेको मूल्यको आधारमा गणना गरी त्यस्तो व्यक्तिले भुक्तानी लिन आएको बखत भुक्तानी दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खरीद गरेको वा खरीद गर्न लगाएको बस्तु महानिर्देशकले तोकेको मूल्य तथा प्रकृया अनुसार बिक्री गर्न वा गराउन सकिनेछ ।

२३घ.[६७] **खानतलासी, कब्जा वा धरौट मांग गर्न सकिने**: (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कर छली कारोबार गरेको र तुरुन्तै केही कारबाही नगरेमा अभियुक्त भागी जाने वा कसूरको सबुत प्रमाण गायब हुने सम्भावना देखेमा महानिर्देशकको स्वीकृति लिई कर अधिकृतले देहायका कामहरु गर्न गराउन सक्नेछ :-

(क) कारोबार स्थलमा शिलवन्दी गर्न ।

(ख)[६८] विद्युतीय उपकरण तथा सो को अभिलेख कब्जा गर्न,

(ग) कसूर गरेको भन्ने कुराको विश्वास लागेको व्यक्तिबाट छलिएको कर वरावरको रकम पर्चा खडा गरी नगद धरौट वा जेथा जमानी माग गर्न ।

(घ)[६९] करदाताको नाममा रहेको बैंक खाता तीन महिनासम्मको लागि रोक्का राख्न ।

(२) यस ऐन बमोजिम कसूरको तहकिकातको सम्बन्धमा कर अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।

---

[६४] पहिलो संशोधनले थप ।

[६५] पहिलो संशोधनले थप ।

[६६] आर्थिक अध्यादेश, २०६० ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[६७] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[६८] आर्थिक ऐन, २०६४ ले खण्ड (ख) र (ग) थप गरेको, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[६९] आर्थिक ऐन, २०६५ ले थप ।

२४. **कट्टी गर्न पाउने रकम बढी भएमा** : (१) दर्ता भएको व्यक्तिले कुनै महिनामा दफा १७ बमोजिम कट्टी गर्न पाउने करको रकम सो महिनामा उठाएको करको रकम भन्दा बढी भएमा त्यस्तो बढी रकम यस ऐन बमोजिम सो महिनासम्म बुझाउनु पर्ने कुनै रकम भए त्यसमा मिलान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मिलान गरी बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले अर्को महिनामा बुझाउनु पर्ने करको रकममा मिलान गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम लगातार ६ महिनासम्म मिलान गरेर बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले एकमुष्ट फिर्ता पाउन तोकिए बमोजिम कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिना भरीको कुल विक्रीमध्ये पचास प्रतिशत भन्दा बढी निकासी विक्री गर्ने दर्ता भएको व्यक्तिले दफा १७ बमोजिम कट्टी गर्न पाउने करको रकम यस अघि यस दफामा तोकिएको कार्यविधि अपनाई फिर्ता पाउन निवेदन दिएमा बुझाउनु पर्ने कुनै रकम बाँकी भए त्यसमा मिलान गरी बाँकी रहेको रकम एकमुष्ट फिर्ता पाउन निवेदन दिन सक्नेछ ।

(५)[७०] उपदफा (३) वा (४) बमोजिम कुनै निवेदन परेमा फिर्ता दिनु पर्ने ठहरिएको रकम कर अधिकृतले तुरुन्त फिर्ता दिनेछ र निवेदन परेको मितिले उपदफा (४) बमोजिम भए ३० दिन भित्र र उपदफा (३) बमोजिम भए ६० दिन भित्र फिर्ता नगरिएमा त्यस्तो रकममा नेपाल सरकारले तोकिए बमोजिम ब्याज समेत दिनु पर्नेछ ।

(६) दर्ता भएको व्यक्तिले उपदफा (३) र (४) बमोजिम मिलान गरेर बाँकी रहेको रकम फिर्ता पाउने दावी गरिसके पछि त्यस्तो रकम अर्को महिनामा उठाएको करमा मिलान गर्न पाउने छैन ।

२४क.[७१] **कर फिर्ता नहुने** : दफा २४ मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम फिर्ता लिनुपर्ने रकम कर अवधि समाप्त भएको मितिले तीन वर्ष भित्र निवेदन नदिएमा फिर्ता हुने छैन ।

२५. **कर फिर्ता हुन सक्ने** : (१) देहाय बमोजिमको करको रकम तत्सम्बन्धी कारोवार भएको मितिले तीन वर्षभित्र फिर्ता पाउन दरखास्त परेमा फिर्ता दिइनेछ :

(क)[७२] नेपाल सरकार, परराष्ट्र मन्त्रालयले कूटनैतिक मान्यता प्रदान गरेको नेपालको कूटनीतिज्ञलाई विदेशी राष्ट्रले पारस्परिकताको आधारमा वा क्षेत्रीय, अन्तर्राष्ट्रिय नियोग तथा संस्थामा कार्यरत कूटनैतिक सुविधा प्राप्त व्यक्तिलाई कर छूटको सुविधा प्रदान गरेको रहेछ भने नेपाल राज्य स्थित त्यस्तो राष्ट्र, क्षेत्रीय, अन्तर्राष्ट्रिय नियोग तथा संस्थाको कूटनीतिज्ञले आफूले उपभोग गरेको हदसम्म नेपाल राज्यभित्र तिरेको करको रकम ।

(ख) नेपाल सरकार, अर्थ मन्त्रालयले कर छुटको सुविधा प्रदान गरेको अन्तर्राष्ट्रिय संस्था वा त्यस्तो संस्थाले तिरेको करको रकम,

(ग) नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सहमति प्राप्त दुई वा बहुपक्षीय सम्झौता बमोजिम नेपाल अधिराज्यभित्र आयोजना संचालन गर्ने सिलसिलामा तिरेको करको रकम,

---

[७०] आर्थिक ऐन, २०६४ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । संशोधन पहिले निम्न व्यवस्था थियो:
"(५) उपदफा (३) वा (४) बमोजिम कुनै निवेदन परेमा फिर्ता दिनु पर्ने ठहरिएको रकम कर अधिकृतले तुरुन्त फिर्ता दिनेछ र निवेदन परेका मितिले साठी दिनभित्र फिर्ता नगरिएमा त्यस्तो रकममा नेपाल सरकारले तोकिए बमोजिमको ब्याज समेत दिनु पर्नेछ ।"

[७१] आर्थिक ऐन, २०६५ ले थप ।

[७२] आर्थिक ऐन, २०६३ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । संशोधन पहिले निम्न व्यवस्था थियो:
"(क) नेपाल सरकार, परराष्ट्र मन्त्रालयले कुटनैतिक मान्यता प्रदान गरेको नेपालको कुटनीतिज्ञलाई विदेशी राष्ट्रले पारस्परिकताको आधारमा कर छुटको सुविधा प्रदान गरेको छ भने नेपाल अधिराज्यस्थित त्यस्तो राष्ट्रको कुटनीतिज्ञले नेपाल अधिराज्यभित्र तिरेको करको रकम,"

(घ) भूलबाट असुल गरिएको करको रकम ।

(१क)[७३] उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुटनैतिक निकाय वा कुटनीतिज्ञले कर लाग्ने वस्तु वा सेवा खरीद गर्दा तिरेको कर एक पटकमा एक हजार पाँचसय रुपैयाँभन्दा कमको खरीदमा फिर्ता गरिने छैन ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम करको रकम फिर्ता गर्दा करको वास्तविक भार बहन गर्ने व्यक्तिलाई मात्र फिर्ता गरिनेछ ।

२५क.[७४] **विदेशी पर्यटकले खरिदमा तिरेको कर फिर्ता हुने**: नेपाल भ्रमण गरी हवाई मार्गबाट फर्कने विदेशी पर्यटकले पन्ध्र हजार रुपैयाँ भन्दा बढीको कर लाग्ने वस्तु खरिद गरी आफुसँग लगेमा विभागले तोकेको प्रकृया अनुसार त्यस्तो वस्तुमा तिरेको कर फिर्ता दिइनेछ । यस्तो फिर्ता हुने रकमको तीन प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरिनेछ [७५]।"

२६. **ब्याज** : (१) कर लगायत यस ऐन बमोजिम बुझाउनु पर्ने कुनै रकम म्याद भित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा ब्याज लाग्नेछ । त्यस्तो ब्याज दफा ३२ बमोजिम पुनरावेदनको लागि निवेदन दिएको अवस्थामा पनि गणना गरिनेछ ।

(२)[७६] उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ ।

२७. **कर सरह मानिने** : यस ऐन बमोजिम लाग्ने दस्तुर, ब्याज र जरिवाना यस ऐन बमोजिम लाग्ने कर सरह मानिनेछ ।

२८. **आयात सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकार, अर्थ मन्त्रालयले अन्यथा ताकेकोमा बाहेक आयात हुने वस्तुमा भन्सार अधिकृतले यस ऐन बमोजिमको कर असुल गर्नेछ ।

(१क)[७७] नेपाल भित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु भन्सार कार्यालयबाट निकासीको प्रकृया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याई सोही मालवस्तु पैठारी भएको ३ महिना भित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाको बखत लाग्ने मुल्य अभिवृद्धि कर धरौटीमा राखी छाड्न सकिनेछ र त्यस्तो मालवस्तु पुनः निकासी भएपछि उक्त धरौटी फिर्ता दिइने छ । यसरी धरौटीमा राखिएको र फिर्ता गरिएको रकमको विवरण सम्बन्धित भन्सार कार्यालयले आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ ।

(२) आयात हुने वस्तुको सम्बन्धमा कर असुल उपर गर्न भन्सार अधिकृतले यस ऐन र प्रचलित भन्सार ऐन बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

२९[७८]. **दण्ड सजाय** : (१) कुनै व्यक्तिले देहायका कुनै कसूर गरेमा कर अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :

---

[७३] आर्थिक अध्यादेश, २०५९ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[७४] आर्थिक अध्यादेश, २०६१(श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[७५] आर्थिक अध्यादेश, २०६२(माघ) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[७६] आर्थिक अध्यादेश, २०५९ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । संसोधन पहिले निम्न व्यवस्था थियो :
"(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकार, अर्थ मन्त्रालयले समय समयमा व्याज दर तोक्नेछ । त्यस्तो व्याजको दर वाणिज्य बैकले लिने सरदर प्रचलित व्याजको दरको एक सय बीस प्रतिशत भन्दा कम हुने छैन ।"

[७७] आर्थिक ऐन, २०६४ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[७८] पहिलो संशोधनले संशोधित । संशोधन पहिले मूल ऐनमा निम्न व्यवस्था भएको तर आर्थिक ऐनले दण्ड सम्बन्धी व्यवस्थालाई व्यवस्थित गरेको थियो ।
"(क) दफा १० को उपदफा (१), (२), (६) वा (७) उल्लंघन गरेमा प्रत्येक कर महिनाको निमित्त लाग्ने कर र सोको दोब्बर रकम,
(ख) दफा १४ वा १५ उल्लंघन गरेमो लाग्ने करको दोब्बर रकम,

(क)[७९] दफा १० को उपदफा (१) वा (२) उल्लघंन गरेमा प्रत्येक कर अवधिको निमित्त दश हजार रुपैयाँ,

(ख) दफा १० को उपदफा (५), (६) वा (७) उल्लघंन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ,

(ख१)[८०] यो ऐन वा यस ऐन बमोजिम बनेको नियम बमोजिम करपाटी नराखेमा प्रति हप्ता दुई हजार र तोकिएको ठाउँमा राख्नु पर्नेमा नराखे एक हजार रुपैयाँ जरिवाना

(ग)[८१] दफा १४ को उपदफा (१) र (४) को व्यवस्था उल्लंघन गरेमा प्रत्येक पटक पाँच हजार रुपैयाँ ।

(घ)[८२] दफा १५ उल्लंघन गरेमा उठाएको करको शत प्रतिशत रकम,

(ङ) दफा १६ को उपदफा (१) बमोजिम कारोबारको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैया र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पाँच हजार रुपैया,

(च) दफा १६ को उपदफा (२) उल्लंघन गरेमा पाँच हजार रुपैया सम्म,

(छ) दफा १६ को उपदफा (३) वा (४) उल्लंघन गरेमा दश हजार रुपैया,

(छ१)[८३] दफा १६ को उपदफा (३क) उल्लंघन गरेमा प्रत्येक पटक एक हजार रुपैयाँ,

(ज) दफा १८ को व्यवस्था उल्लंघन गरेमा लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति कर अवधि एक हजार रुपैया मध्ये जुन बढी हुन्छ सो रकम,

(झ) दफा २३ बमोजिमको कार्यमा वाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैया,

(ञ) न्यून विजकीकरण गरी विजक काटेको पाइएमा प्रत्येक विजकको लागि दुइहजार रुपैया वा उपदफा (२) बमोजिम लाग्ने जरिवाना मध्ये जुन बढी हुन्छ सो रकम,

तर न्यून विजकीकरण भएको वस्तु कार्यालयले आवश्यक सम्झेमा तोकिए बमोजिम खरीद गर्न गराउन सक्नेछ ।

---

(ग) दफा १६ को उपदफा (१) बमोजिम कारोवारको लेखा अद्यावधिक नराखेमा लाग्ने करको दोब्बर रकम र कारोवारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पांच हजार रुपैयाँ,

(घ) दफा १६ को उपदफा (२), (३) वा (४) उल्लंघन गरेमा दश हजार रुपैयाँसम्म,

(ङ) दफा १८ को व्यवस्था उल्लंघन गरेमा लाग्ने कर र सोको शत प्रतिशत रकम

(च) दफा २३ बमोजिमको कार्यमा वाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(छ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा पटकै पिच्छे दशहजार रुपैयाँ ।"

[७९] आर्थिक ऐन, २०६५ ले संशोधन, पहिलो संशोधन पहिले निम्न व्यवस्था थियो :

(क) दफा १० को उपदफा (१) वा (२) उल्लङ्घन गरेमा प्रत्येक कर अवधिको निमित्त लाग्ने कर र दश हजार रुपैयाँ,

[८०] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । राजस्व सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने सम्बन्धमा बनेको अध्यादेश, २०६२ (आश्विन) ले उपदफा (१) को खण्ड (ख) पछि खण्ड (ख१) र आर्थिक अध्यादेश, २०६२(माघ) ले खण्ड (ख२) थप गरेको :

"(ख१) दफा १०क. उल्लंघन गरेमा फरक मूल्यमा लाग्ने करको अतिरिक्त शत प्रतिशत रुपैयाँ"

(ख२) यो ऐन वा यस ऐन बमोजिम बनेको नियम बमोजिम करपाटी नराखेमा प्रति हप्ता दुई हजार र तोकिएको ठाउँमा राख्नु पर्नेमा नराखेमा एक हजार जरिवाना"

[८१] आर्थिक ऐन, २०६५ ले संशोधन, आर्थिक अध्यादेश, २०५९ ले संशोधनले निम्न व्यवस्था गरेको र सो लाई आर्थिक ऐन, २०६४ सम्म निरन्तरता दिएको । **(पहिलो संशोधनमा दफा १४ उल्लंघन गरेमा भन्ने थियो ।)**

(ग) दफा १४ को उपदफा (१) र (४) को व्यवस्था उलंघन गरेमा प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिवाना गरी लाग्ने कर समेत असुल गरिनेछ ।

[८२] आर्थिक ऐन, २०६५ ले संशोधन, संशोधन पहिले निम्न व्यवस्था थियो ।

(घ) दफा १५ उल्लङ्घन गरेमा उठाएको कर र सोको प्रतिशत रकम,

[८३] आर्थिक ऐन, २०६४ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

(ट) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ

(१क)[८४] यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले विभागले तोकेको आधारमा कर बिगोको पच्चीस प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

(२)[८५] कुनै व्यक्तिले देहाय बमोजिमका कुनै कसुर गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको शतप्रतिशत रकम जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ गर्न सक्नेछ :-

(क) झुट्टा लेखा वा विजक वा अन्य कागजात तयार गरेमा,

(ख) जालसाजी गरी कर छलेमा,

(ग) दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,

(घ)[८६] दफा २३ग उल्लघंन गरेमा ।

(ङ) दफा ३० को उल्लंघन गरी कारोबार गरेमा,

२९क.[८७] **विभागले जरिवानाको रकम दाखिला गर्न आदेश दिन सक्ने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आफूले दफा २९ उपदफा (२) मा उल्लेख भएको अन्य कुनै एक वा एकभन्दा बढी कसूर गरेको भनी कारबाहीको प्रकृया शुरु हुनु अगावै लिखित रुपमा स्वीकार गरेमा त्यस्तो कसूर गरे वापत लाग्ने जरिवाना रकममा नबढ्ने गरी जरिवाना रकम दाखिला गर्न विभागले त्यस्तो व्यक्तिलाई आदेश दिन सक्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिमको आदेश दिंदा त्यस्तो आदेशमा त्यस्तो कसूरको विवरण, बुझाउनु पर्ने जरिवाना रकम र जरिवाना रकम बुझाउनु पर्ने मिति खुलाउनु पर्नेछ ।

(३) विभागले यस दफा बमोजिम दिएको आदेश अन्तिम हुनेछ ।

३०. **कारोवारको निलम्बन** : दर्ता भएको व्यक्तिले दुई वा दुई भन्दा बढी पटक दफा २९ मा उल्लेखित कुनै कसुर गरेमा पटकै पिच्छे महानिर्देशकले त्यस्तो व्यक्तिको कारोवारस्थलमा बढीमा सात दिनसम्म कारोवार गर्न नपाउने गरी निलम्बन गर्न कर अधिकृतलाई आदेश दिन सक्नेछ ।

३०क.[८८] **पुनः कर निर्धारणकोलागि आदेश दिन सक्ने** : (१) कर निर्धारण भई नसक्दै सो कर निर्धारण सम्बन्धी कुनै कारबाही अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा अन्य कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ ।

---

[८४] आर्थिक अध्यादेश, २०६१(श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[८५] आर्थिक अध्यादेश, २०६१(श्रावण) ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । संशोधन भन्दा पहिले निम्न व्यवस्था थियो:

"(२) कुनै व्यक्तिले देहाय बमोजिमका कुनै कसुर गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई **कर बिगोको शतप्रतिशत रकमसम्म*** जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ गर्न सक्नेछ :-

(क) झुट्टा लेखा वा विजक वा अन्य कागजात तयार गरेमा,

(ख) जालसाजी गरेमा वा कर छलेमा,

(ग) दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,

(घ) दफा ३० को उल्लंघन गरी कारोबार गरेमा,

* पहिलो संशोधनले "कर विगोको दब्बोर रकमसम्म" भन्नेको सट्टा "कर विगोको शतप्रतिशत रकमसम्म" भनि संशोधन गरेको थियो ।

[८६] आर्थिक अध्यादेश, २०६०(श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[८७] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[८८] आर्थिक अध्यादेश, २०६०(श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

(२) कर अधिकृतले लापरवाही वा वदनियतसाथ कर निर्धारण गरी करको दायित्व घट्न गएको देखिएमा महानिर्देशकले त्यस्तो कर निर्धारण आदेशमा संशोधन गर्न शुरु कर निर्धारण भएको मितिबाट चार वर्षभित्र आदेश दिन सक्नेछ ।

३१. **अदालतलाई भए सरहको अधिकार हुने** : यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको् अधिकार हुनेछ ।

३१क.[८९] **प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने** : (१) कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले तीस दिन भित्र त्यस्तो निर्णय विरुद्ध विभाग समक्ष निवेदन दिन सक्नेछ ।

---

[८९] आर्थिक ऐन, २०६३ ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । आर्थिक अध्यादेश, २०६१(श्रावण) ले दफा ३१क. थप गरि निम्न व्यवस्था गरेको थियो :

"३१क. **प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने** : (१) कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले तीस दिन भित्र सो निर्णय विरुद्ध विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गई कुनै करदाताले म्याद थपको लागि म्याद गुज्रिएको मितिले सात दिन भित्र निवेदन दिएमा विभागले म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ ।

(३) करदाताले उपदफा (१) बमोजिम दिएको निवेदन समेतका प्रमाण कागजात छानबीन गर्दा निवेदकको निवेदन जिकिर सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर विभागले निर्णय दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र विभागले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले दफा ३२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

तर आर्थिक अध्यादेश, २०६०(श्रावण) ले दफा ३१क. थप गर्दा निम्न व्यवस्था थियो :

"३१क. **प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने** : (१) कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले तीस दिन भित्र सो निर्णय बिरुद्ध विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गई कुनै करदाताले म्याद थपको लागि म्याद गुज्रिएको मितिले सात दिन भित्र निवेदन दिएमा विभागले म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकम मध्ये विवादरहित कर रकम पुरै बुझाई विवादित कर रकम र जरिवानाको पचास प्रतिशत रकम धरौटी राख्नु वा त्यस्तो रकम वापत बैंक प्रत्याभूति दिनु पर्नेछ ।

(४) करदाताले उपदफा (१) बमोजिम दिएको निवेदन समेतका प्रमाण कागजात छानबीन गर्दा निवेदकको निवेदन जिकिर सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम निवेदन परेको मितिले नब्बे दिनभित्र सो निवेदन उपर विभागले निर्णय दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्यादभित्र विभागले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले दफा ३२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।"

तर पहिलो संशोधनले दफा ३१क. थप गर्दा निम्न व्यवस्था थियो :

"३१क. **पुनः कारबाही गरी कर निर्धारण गर्ने अधिकार** : (१) कर निर्धारण भई नसक्दै सो कर निर्धारण सम्बन्धी कुनै कारबाही अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कारवाही गरी कर निर्धारण गर्न सम्वन्धित कर अधिकृतलाई निर्देशन दिन वा अन्य कुनै अधिकृतलाई सो काम गर्ने आदेश दिन सक्नेछ ।

(२) कर निर्धारण गर्दा कर अधिकृतले पालन गर्नुपर्ने कर निर्धारण सम्बन्धी कुनै कुरा पालन नगरी वा अनियमित गरी वा लापरवाही गरी करको दायित्व वढन गएको छ भन्ने कुरा खुलाएको करदाताको निवेदन कर निर्धारण आदेश प्राप्त भएको मितिले पैतीस दिनभित्र परेमा र सो कुरा छानविन गर्दा सत्य देखिन आएमा कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश रद्द गरी पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ । यसरी पुनः कर निर्धारण गर्ने आदेश दिएकोमा महानिर्देशकले सो कुराको सूचाना तीन दिनभित्र नेपाल सरकार, अर्थ मन्त्रालयलाई दिनु पर्नेछ ।

तर कर निर्धारण आदेश उपर दफा ३२ बमोजिम पुनरावेदन परिसकेको अवस्थामा महानिर्देशकले यस उपदफा बमोजिम आदेश दिन सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकममध्ये विवाद रहित कर रकम पुरै बुझाई विवादित कर रकम र जरिवानाको पचास प्रतिशत रकम धरौटी राख्नु वा त्यस्तो रकम वापत बैंक प्रत्याभूति दिनु पर्नेछ ।

(४) कर अधिकृतले लापरवाही वा वदनियतसाथ कर निर्धारण गरी करको दायित्व घट्न गएमा महानिर्देशकले त्यस्तो कर निर्धारण आदेशमा संशोधन गर्न शुरु कर निर्धारण भएको मितिबाट चार वर्षभित्र आदेश दिन सक्नेछ ।"

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गई कुनै करदाताले म्याद थपको लागि म्याद गुज्रिएको मितिले सात दिन भित्र निवेदन दिएमा विभागले म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ ।

(३) करदाताले उपदफा (१) बमोजिम दिएको निवेदन समेतका प्रमाण कागजात छानबीन गर्दा निवेदकको निवेदन जिकिर सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश बदर गरी पुन: कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर विभागले निर्णय दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र विभागले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले दफा ३२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(६)[९०] उपदफा (१) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकम मध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम दाखिला गर्नुपर्ने रकम निवेदन दिनु भन्दा अगाडी नै बढी दाखिला गरेको रहेछ भने त्यस्तो रकमले खामेसम्मको रकम कटाई बाँकी रकम मात्र धरौटी राख्न सकिनेछ ।

३२.[९१] **राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने** :- (१) दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश वा दफा ३१क. को उपदफा (४) बमोजिम विभागले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिन भित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।

३२क.[९२] **पूर्वादेश** : (१) कुनै व्यक्तिले यो ऐन लागू हुने अवस्था बारे कुनै द्विविधा निराकरणका लागि विभागसमक्ष लिखित रुपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रुपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वादेशद्वारा जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको कार्यान्वयनका सम्बन्धमा देखापरेको कुनै द्विविधा सम्बन्धी विषय अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भई सकेको अवस्थामा त्यस्तो विषयमा विभागले उपदफा (१) बमोजिमको पूर्वादेश जारी गर्न सक्ने छैन ।

---

[९०] आर्थिक ऐन, २०६४ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । संशोधन पहिले निम्न व्यवस्था थियो :

"(६) उपदफा (१) बमोजिम निवेदन दिने करदाताले तिर्नुपर्ने रकमको एक तिहाई रकम नगद धरौटी राख्नुपर्नेछ ।"

[९१] आर्थिक ऐन, २०६३ ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । आर्थिक अध्यादेश, २०६१(श्रावण) ले यो दफालाई निम्न बमोजिम संशोधन गरेको थियो :

"३२.**राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने** :- (१) दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश वा दफा ३१क. को उपदफा (४) बमोजिम विभागले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिन भित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।"

तर आर्थिक अध्यादेश, २०६०(श्रावण) ले यो दफा को सट्टा निम्न दफा राखेको थियो :

"३२. **राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने** :- (१) दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश वा दफा ३१क. को उपदफा (५) बमोजिम विभागले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिन भित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।"

तर मूल ऐनमा निम्न व्यवस्था थियो :

"३२.**पुनरावेदन**: यस ऐन बमोजिम कर अधिकृतले गरेको कर निर्धारण वा सजायँको आदेश वा दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश उपर पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।"

[९२] आर्थिक अध्यादेश, २०६१(श्रावण) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

३३.[९३] **धरौटी राख्नु पर्ने** : यस ऐन बमोजिम राजस्व न्यायाधीकरणमा पुनरावेदन दिंदा निर्धारित कर रकम मध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम र जरिवानाको पचास प्रतिशत रकम धरौटी राख्न वा त्यस्तो रकम वापत बैंक प्रत्याभूति दिनु पर्नेछ ।

३४. **अधिकार प्रत्यायोजन** : (१) कर निर्धारण गर्ने र सजायँ गर्ने अधिकार बाहेक कर अधिकृतले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये कुनै वा सबै अधिकार आफू मातहतका कर्मचारीहरुलाई सुम्पन सक्नेछ ।

(२) यस ऐनमा महानिर्देशकले गर्ने भनी किटान भएको अधिकार प्रत्यायोजन हुन सक्ने छैन ।

३४क.[९४] **विशेषज्ञको सेवा लिन सक्ने** : नेपाल सरकारले कर परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सक्नेछ र त्यस्तो विशेषज्ञका सम्बन्धमा दफा ३७ मा उल्लिखित सरकारी गोप्यता सम्बन्धी व्यवस्था लागू हुनेछ ।

३५.[९५] **कर अधिकृतको परिचयपत्र** : प्रत्येक कर अधिकृतले तोकिए बमोजिमको परिचयपत्र आफ्नो साथमा राख्नु पर्नेछ र कर्तव्य पालनाको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

३६. **सूचनाको तामेली** : महानिर्देशक वा कुनै कर अधिकृतले जारी गरेको सूचना, आदेश वा कागजात तोकिए बमोजिमको प्रक्रिया पूरा भएपछि तामेली भएको मानिनेछ ।

३७. **गोपनियता**: कुनै व्यक्तिबाट प्राप्त हुन आएको करसँग सम्बन्धित कागजात वा अन्य सूचनाहरु देहायका अवस्थामा बाहेक अन्य कुनै अवस्थामा प्रकट गर्न वा प्रकाशन गर्न सकिने छैन :

(क) नेपाल सरकारको राजस्व संरक्षण गर्ने सिलसिलामा राजस्व संकलन गर्ने अधिकारीलाई जानकारी दिन,

(ख) करदाताको दायित्व प्रमाणित गर्ने सिलसिलामा राजस्वसँग सम्बन्धित कानून बमोजिम अदालतमा प्रमाणको रुपमा पेश गर्न,

(ग) राजस्व न्यायाधिकरण वा कुनै अदालतको कारवाहीको सिलसिलामा रहेको सार्वजनिक अभिलेखको अंगका रुपमा राख्न ।

३८. **कर अधिकृतलाई सजाय हुने**: करको दायित्व बढ्ने वा घट्ने गरी कुनै कर निर्धारण बदनियत साथ वा लापरवाहीबाट भएको भन्ने महानिर्देशकले ठहर गरेमा त्यसरी कर निर्धारण गर्ने कर अधिकृतलाई महानिर्देशकले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारवाही चलाउनेछ ।

तर यसरी कारवाही चलाउँदा कर अधिकृतलाई आफ्नो सफाई पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।

३९. **असल नियतले गरेको काम कारवाही प्रति जवाफदेही नहुने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर अधिकृतले आफ्नो कर्तव्य पालन गर्दा असल नियन लिई गरेको काम कारवाही प्रति निज व्यक्तिगत रुपमा जवाफदेही हुने छैन ।

४०. **पुरस्कार**: (१)[९६] कुनै करदाताले आफ्नो करको दायित्वको सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असूलउपर गरिएको करको रकम मध्ये

---

[९३] पहिलो संशोधन ले संशोधन, संशोधन पहिले निम्न व्यवस्था भएको:

"३३. **धरौटी राख्नु पर्ने** : यस ऐन बमोजिम राजस्व न्यायाधीकरणमा पुनरावेदन दिंदा निर्धारित कर रकम मध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम र जरिवानाको पूरै रकम धरौटी राख्न वा त्यस्तो रकम वापत बैंक प्रत्याभूति दिनु पर्नेछ ।"

[९४] आर्थिक अध्यादेश, २०५९ (पौष) ले थप, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको ।

[९५] पहिलो संशोधनले संशोधन, संशोधन पहिले निम्न व्यवस्था थियो :

"३५. **कर अधिकृतको परिचयपत्र**: प्रत्येक कर अधिकृतले तोकिए बमोजिमको परिचयपत्र आफ्नो साथमा राख्नु पर्नेछ र कर्तव्य पालनाको सिलसिलामा कसैले त्यस्तो परिचयपत्र हेर्न माग गरेमा देखाउनु पर्नेछ ।"

[९६] आर्थिक अध्यादेश, २०६२(श्रावण) ले संशोधन, आर्थिक ऐन, २०६५ ले निरन्तरता दिएको । सो भन्दा पहिलो निम्न व्यवस्था थियो :

निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत वरावरको रकम महानिर्देशकको निर्णयले पुरस्कार दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक भन्दा बढी भएमा त्यस्ता व्यक्तिहरु बीच पुरस्कारको बाँडफाँड महानिर्देशकले निर्धारण गरे बमोजिम हुनेछ ।

४०क.[९७] .............

४१. **नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४२. **अनुसूचीमा थपघट तथा हेरेफेरः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

४३. **अरुमा प्रचलित कानून बमोजिम हुने** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिए जतिमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

४४. **खारेजी र बचाउँ** : (१) देहायका ऐनहरु खारेज गरिएका छन् :

(क) बिक्री कर ऐन, २०२३ ।

(ख) होटेल कर ऐन, २०१८ ।

(ग) ठेक्का कर ऐन, २०२३ ।

(घ) मनोरन्जन कर ऐन, २०१७ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐनहरु अन्तर्गत भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

**"अनुसूची -१**

---

"४०. **पुरस्कारः** (१) कुनै करदाताले आफ्नो करको दायित्वको सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिश गरेको प्रमाण सहित सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असुल उपर गरिएको करको रकमको बीस प्रतिशत बराबरको रकम पुरस्कारको रुपमा दिइनेछ । **यस्तो पुरस्कार दिने निर्णय महानिर्देशकबाट हुनेछ*** ।"

* पहिलो संशोधनवाट थाप गरेको ।

[९७] आर्थिक ऐन, २०६४ ले झिकेको, आर्थिक ऐन, २०६३ ले दफा ४०क. मा निम्न व्यवस्था गरेको थियो :

"४०क. **जरिवाना शुल्क नलाग्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम गरिएको व्याख्या वा निर्णयको कारणले करको भारमा फरक पर्न जाने तर कर असुली रकममा फरक नपर्ने भएमा त्यसरी व्याख्या वा निर्णय हुनु भन्दा पहिले लाग्ने जरिवाना शुल्क लाग्ने छैन ।"

सो भन्दा पहिले आर्थिक अध्यादेश, २०६२(श्रावण) ले दफा ४०क.,४०ख. र राजस्व सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने सम्बन्धमा बनेको अध्यादेश, २०६२ (आश्विन) ४०ग. थप गरी निम्न व्यवस्था गरेको थियो :

"४०क. **जरिवाना छुटः** २०६२ साल आषाढसम्मको कर विवरण वुझाउन वांकी रहेको करदाताले २०६२ साल चैत्र २५ गतेभित्र वांकी कर विवरण र सो वापत लागेको जरिवानाको पच्चीस प्रतिशत रकम वुझाएमा कर विवरण नवुझाए वापत लाग्ने जरिवाना पचहत्तर प्रतिशत मिनाहा गरिनेछ ।

४०ख. **दस्तुर, ब्याज र जरिवाना मिनाहाः** २०६२ साल आषाढ मसान्तसम्म वुझाउन वांकी रहेको करको पूरै रकम र दफा १९ बमोजिम लागेको थप दस्तुरको २० प्रतिशत, दफा २६ बमोजिम लागेको ब्याज र दफा २९ बमोजिम लागेको जरिवाना मध्ये ब्याज र जरिवाना रकमको पचास प्रतिशतले हुने रकम २०६२ साल चैत्र २५ गतेसम्ममा दाखिला गरेमा वांकी थप दस्तुर, ब्याज र जरिवाना मिनाहा गरिनेछ ।"

४०ग. **जरिवाना शुल्क नलाग्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन वा यस ऐन अन्तर्गत बाट नियमावली बमोजिम गरिएको व्याख्या वा निर्णयको कारणले करको भारमा फरक पर्न जाने तर कर असुली रकममा फरक नपर्ने भएमा त्यसरी व्याख्या वा निर्णय हुनु भन्दा पहिले लाग्ने जरिवाना शुल्क लाग्ने छैन ।"

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

**कर छुट हुने वस्तु तथा सेवाहरू**

**आर्थिक ऐन, २०६५**

समूह १ : आधारभूत कृषि उत्पादनहरू

(क) धान, चामल, गहूँ, मकै, जौ, कोदो, फापर, दलहन, दाल, पिठो, सुजी, ग्रिट्स, धानको चिउरा, चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरू र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरू । (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, चियाको पैकिङ वट्टा (टि चेष्ट), कफिको गेडा, भटमास, बदाम, हलेदो) पिना र सोयावडी  मस्यौरा ।

(घ) जडीबुटी (तिनको सार समेत) ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरू

(क) धारा तथा टेङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ख) दाउरा र गोल,

(ग) नून,

(घ) मट्टितेल ।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौरी, राँगा, बँदेल, सुंगुर, खरायो र तिनको अप्रशोधित काँचो खाद्य परिकारहरू,

(ख) गाई, भैंसी, बाखी र तिनको ताजा दूध (पास्चराईज्ड समेत),  दही,  मौरी तथा मौरी राख्ने घार,

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरू, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरू  र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक) ।

समूह ४ : कृषि सामग्रीहरू

(क) बाली, घाँस, फूल वा वोट विरुवाको वीउ वीजन, विरुवा, विरुवाको कलमी तथा विउ विजनको रुपमा प्रयोग हुने गानो जरा ।

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री ।

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरू : जमीन खन्ने तथा सफा गर्ने कुटो, कोदालो र सावेल, हाते औजारहरू, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरू, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरू, पशुहरूको चारा काट्ने हाते औजारहरू तथा हलोमा प्रयोग गरिने फाली ।

(घ) वालीनालीको लागि मात्र प्रयोग हुने भन्सार दरबन्दीको भाग ३८ का किटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानाशक औषधी ।

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरू, मत्स्य इन्कुवेटर, सिंचाई कार्यमा प्रयोग हुने २ हर्षपावरदेखि ८ हर्षपावरसम्म शक्ति भएको इन्जिन सहितको पम्पिङ सेट र सो को साथमा रहेको ३० मिटरसम्मको होज पाइप ।

(च) भन्सार दरवन्दीको भाग २३, २८ र २९ मा पर्ने फिडसप्लिमेण्टको कच्चा पदार्थ, भन्सार दरवन्दीको भाग २३ अन्तर्गतका पशुपंक्षिको दाना र फिडसप्लिमेण्ट, भाग २५ को चुनढुङ्गाको धुलो । हड्डिको धुलो र माछाको धुलो ।

(छ) सामान्य भाडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष प्रकारको भाँडा र कुखुराको पानी पिउने विशेष किसिमका भाँडा ।

समूह ५ : औषधि उपचार र यस्तै स्वास्थ्य सेवाहरू

(क) स्वास्थ्य सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरू र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा  जनावरका अंग तथा तन्तुहरू,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधिहरू र गर्भ निरोधक साधनहरू,

(ङ) मुटुको उपचारमा प्रयोग हुने पेसमेकर, स्टेण्ट, मुटुको भल्व, अशक्त र अपाङ्ग व्यक्तिहरूको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरू,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सिजन ग्याँस, व्याण्डेज र

(छ) औषधि उद्योग तथा इन्ट्राअकुलर लेन्स (आइ.ओ.एल.) उत्पादनको कच्चा पदार्थ :–

हार्मोनाइज्ड कोडको भाग २८ भित्र पर्ने औषधि उद्योग तथा आइ.ओ.एल.उत्पादनमा प्रयोग हुने धातुका लवणहरू, अक्साइडहरू र हाइड्रोअक्साइडका अतिरिक्त भाग २९ अन्तर्गत पर्ने औषधिका कच्चा पदार्थ (औषधिको सक्रिय तत्व) तथा औषधी उद्योगले औषधी उत्पादनको लागि प्रयोग गर्ने तथा आइ.ओ.एल.मा प्रयोग हुने कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल,

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्व विद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरू,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालीम वा पुनर्ताजगी तालीमहरू,

(ग) विद्यालय तथा विश्व विद्यालयहरूले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरू

(क) पुस्तक, पात्रो, अखवार, पत्रपत्रिका र त्यसको मुद्रण तथा प्रकाशन,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरू र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरू

हवाई यात्रा, यात्रुबाहक यातायात (केवुलकार बाहेक) तथा ढुवानी सेवाहरू (आपूर्तिसँग सम्बन्धित ढुवानी बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक, नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा, विदेशमा जनशक्ति आपूर्ति गर्ने सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (नेपाल सरकारबाट संचालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरू,

(ग) हुलाक टिकट,

(घ) नेपाल सरकारद्वारा प्रदान गर्ने सेवाहरू ।

२. अन्तः शुल्क टिकट, क्यास मेशिन र राहदानी ।

३. वित्तिय सेवा र जीवन बीमा सेवा

४. बैंक नोट, सिक्का तथा चेक बुक

(क) नेपाली नोटको छपाई तथा निष्काशन,

(ख) नेपालबाहिरबाट नेपालभित्र हुने बैंक नोटको आपूर्ति,

(ग) चेक बुक ।

५. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना र हीरा जवाहरात,

(ख) चाँदी, चाँदीका सिक्का, चाँदीका तैयारी वस्तु र गरगहना ।

६. विद्युत आपूर्ति

७. कच्चा ऊन ।

८. ब्याट्रीबाट चल्ने टेम्पो र तिनका चेसिस ।

९. बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रको सिफारिसमा बायो ग्याँस, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणहरू र ट्यूवलर ब्याट्री ।

१०. हवाईजहाज, हेलीकप्टर तथा तिनका इञ्जिन, गेयर वक्स, दमकल,  एम्बुलेन्स र शव बाहन ।

११. जुट व्याचिङ आयल, जुटका उत्पादनहरू ।

१२. भन्सार दरवन्दीको भाग ८४ का ५ प्रतिशत सम्म भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मील मेशिनरी एवं यन्त्र उपकरणहरू, मोल्डिंग गर्ने साँचो (पार्टपूर्जा बाहेक) ।

१३. ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताई, रङ्गाई, धुलाई र बुनाई ।

१४. शत प्रतिशत सूतिको साडी, लुंगि, धोती (मर्दाना/जनाना) पेटानी, गम्छा र सूति धागो (संकेत नं.५२०५ र ५२०७) ।

१५. स्वेदशमै  हातले  बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो  (कृत्रिम र एक्रेलिक बाहेक) ।

१६. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरू ।

१७. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरू ।

१८. कपडा, सलाई (काठको काटी मात्र), र टायर-ट्युब उद्योगहरूले आफ्नो उत्पादनको उक्त सामान बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउंदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रक्रिया बमोजिम ती उद्योगलाई फिर्ता दिइनेछ ।

१९. चिनी र मैदा उद्योगले आफ्नो उत्पादनको सामान (चिनी र मैदा) बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रक्रिया बमोजिम पचास प्रतिशत मात्र फिर्ता दिइनेछ ।

२०. तोरीको तेल उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादनको सामान (तोरीको तेल) र स्वदेशमा उत्पादित वनस्पती घ्यू र अन्य प्रशोधित खानेतेल उद्योगले आफ्नो उत्पादन विक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा ५० प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइने छ ।

२१. सेलुलर मोवाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले सेलुलर मोवाइल फोनसेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर त्यस्ता सामान बिक्री गरेको प्रमाण पेश गरेमा विभागले तोकेको प्रक्रिया बमोजिम पचास प्रतिशत फिर्ता दिइने छ ।

२२. जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने नेपालमा उत्पादन नहुने यन्त्र उपकरणहरू, पेनस्टक पाईप वा सो वनाउन प्रयोग हुने फलामे पाता पैठारी गर्दा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेदेखि बाहेक अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा मूल्य अभिवृद्धि कर छूट गरिनेछ ।

२३. विदेशी नियोग तथा दातृ संस्थाले कुटनैतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैंङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा मूल्य अभिवृद्धि कर लाग्नेछैन ।

२४. कुटनैतिक नियोग, परियोजना र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी संघ संस्था) महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा मूल्य अभिवृद्धि कर लाग्ने छैन ।

२५. निजी प्रयोगको लागि नेपाली नागरिकले मूल्य अभिवृद्धि कर छुटमा आयात गरिएका सवारीसाधनका धनीको मृत्यू भई सवारीसाधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा विभागको स्वीकृतिको आधारमा त्यस्ता सवारी साधनहरूमा लाग्ने मूल्य अभिवृद्धि कर छूट हुनेछ ।

२६. वण्डेड वेयर हाउस वा नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगहरूले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सहायक कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ मेटेरियल पैठारी गरी सोबाट उत्पादित तयारी मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं प्याकिङ मेटिरियल पैठारी गर्दा भंसार विन्दुमा लागेको कर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिए बमोजिमका मालवस्तुमा तोकिए बमोजिमको मितिदेखि तोकिए बमोजिमको समदरमा भन्सार विन्दुवाटै मूल्य अभिवृद्धि कर फिर्ता दिइनेछ ।

२७. नेपाली सेना, सशस्त्र प्रहरी बल र जनपथ प्रहरीको प्रधान कार्यालयको नाममा पैठारी हुने निम्न लिखित सामानहरूमा सम्वन्धित मन्त्रालयको सिफारिसमा छुट प्रदान गरिनेछ :–

(क) सैनिक, सशस्त्र प्रहरी र जनपथ प्रहरीको प्रयोगका खरखजाना, हातहतियार, गोलिगठ्ठा, बारुद र तिनका स्पेयरपार्टस, विशेष प्रकारको तेल र टल्लीहरू, एक्सेसरिज, बिस्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजार र पार्टपुर्जाहरू ।

(ख) शान्तिसुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजारहरू, भिड नियन्त्रणका सामानहरू, अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य सामानहरू तथा संचार मन्त्रालयको सिफारिसमा  सैनिक जवान, सशस्त्र प्रहरी, जनपथ प्रहरीले प्रयोग गर्ने संचार सम्वन्धी सामानहरू ।

(ग) सैनिक जवान, सशस्त्र प्रहरी, जनपथ प्रहरी तथा घोडा खच्चरहरको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधी र तत्सम्वन्धी सामानहरू ।

(घ) सैनिक जवान, सशस्त्र प्रहरी, जनपथ प्रहरीको अभ्यास तथा तालिममा प्रयोग हुने सामानहरू ।

(ङ) नेपाली सेनाले प्रयोग गर्ने इन्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभि अर्थमुभिंग प्लान्ट, औजार र सो सम्बन्धी पार्टस, अप्टिकल इक्वीपमेन्ट तथा रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका सामानहरू ।

(च) नेपाली सेनाले प्रयोग गर्ने क्याम्पिङ्ग इक्वीपमेण्ट तथा स्पेशल फोर्स र प्याराटुपरलाई आवश्यक पर्ने विभिन्न सामानहरू ।

(छ) नेपाल सेनाको नाममा पैठारी हुने हवाईजहाज, हेलिकप्टर र तीनका पार्टपुर्जा, प्यारासुट (ब्याग समेत) टुल्स, लुब्रिकेन्टस तथा ग्राउण्ट इक्वीपमेन्टहरू

(ज) अस्पताल संचालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू

(झ) बैज्ञानिक प्रयोगशालालाई आवश्यकपर्ने सामानहरू ।

(ञ) दैवी प्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

२८. कर लाग्ने वस्तुमा कुनै छूट वा कर फिर्ता दिन मनासिव देखेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छूट दिन सक्नेछ ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरिद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यवसायिक रुपमा सञ्चालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिट्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिट्ठा ।

द्रष्टव्य: कर छुट गरिएका वस्तु तथा सेवाको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसंग परामर्श लिई विभागले गर्न सक्नेछ ।

**अनुसूची-२**

**(दफा ७ को उपदफा (२) संग सम्बन्धित)**

**शून्य दर लाग्ने वस्तु तथा सेवा**

१. नेपालबाहिर निर्यात हुने वस्तु : वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा-

(क) नेपालबाहिर निर्यात गरेको, वा

(ख) नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा

(ग) नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

२. नेपालबाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवा :

(क) नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यवसायिक कारोबार, व्यवसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपालभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपालबाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

३. नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनैतिक सुविधा प्राप्त व्यक्ति वा नियोगले तथा महसुल सुविधा प्राप्त कुटनैतिक नियोगमा कार्यरत व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवा ।

४. साविकको कुनै सन्धि वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धि वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासंग स्थानीय खरिद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

५. प्रचलित कानून बमोजिम स्थापना भएको विशेष आर्थिक क्षेत्रमा सञ्चालन भएको उद्योगलाई बिक्री गरिने कच्चा पदार्थ तथा उत्पादित सामान ।

६. वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सिफारिसमा सौर्य शक्तिबाट उर्जा उत्पादन गर्ने सयन्त्र तथा उपकरणमा प्रयोग हुने व्याट्री स्वदेशी उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

७. जल विद्युत आयोजनाका लागि आवश्यक पर्ने यन्त्र उपकरणहरू, पेनस्टक पाईप वा सो वनाउन प्रयोग हुने फलामे पाता स्थानीय उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा बैकल्पिक उर्जा प्रवर्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेदेखिबाहेक अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

८. घरेलु तथा साना उद्यमीहरूले स्वदेशमा उत्पादन गरेका मूर्तिकला, चित्रकला, बस्तुकला र त्यस्तै प्रकारका अन्य हस्तकलाहरूका सामान नेपालका स्वीकृत निर्यात गृह (एक्सपोर्ट ट्रेडिङ्ग हाउस) मार्फत विदेश निकासी गरेमा त्यस्ता सामान उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थमा तिरेको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया पूरा गरे पछि फिर्ता दिईनेछ ।

९. नेपाल राजपत्र खण्ड ५८ अतिरिक्ताङ्क ३(ख) भाग ५ मिति २०६५।२।५ मा प्रकाशित अर्थ मन्त्रालयको सूचनाको देहाय (३) र (४) खारेज गरिएको छ ।

**"अनुसूची -१**

**(दफा ५ को उपदफा (३) संग सम्बन्धित)**

## कर छुट हुने वस्तु तथा सेवाहरु

### आर्थिक ऐन, २०६४

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल, गहूँ, मकै, जौ, कोदो, फापर, दलहन, दाल, पिठो, सुजी, ग्रिट्स, धानको चिउरा, चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु । (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, चियाको पैकिङ वट्टा (टि चेष्ट), कफिको गेडा, भटमास, बदाम, हलेदो र पिना ।

(घ) जडीबुटी (तिनको सार समेत) ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) धारा तथा टेङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ख) दाउरा र गोल,

(ग) नून ।

(घ) मट्टितेल

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौंरी, राँगा, बँदेल, सुंगुर, खरायो र तिनको अप्रशोधित काँचो खाद्य परिकारहरु,

(ख) गाई, भैंसी, बाखी र तिनको ताजा दूध (पास्चराईज्ड समेत), दही, मौरी तथा मौरी राख्ने घार

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक) ।

समूह ४ : कृषि सामग्रीहरु

(क) बाली, घाँस वा फूलको बिरुवाको वीउ वीजन, बिरुवाको कलमी तथा विउ विजनको रुपमा प्रयोग हुने गानो जरा ।

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने कुटो, कोदालो र सावेल, हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली ।

(घ) वालीनालीको लागि मात्र प्रयोग हुने भन्सार दरबन्दीको भाग ३८ का किटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानाशक औषधी

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, सिंचाई कार्यमा प्रयोग हुने २ हर्षपावर देखि ८ हर्षपावरसम्म शक्ति भएको इन्जिन सहितको पम्पिङ सेट र सो को साथमा रहेको ३० मिटरसम्मको होज पाइप

(च) भन्सार दरवन्दीको भाग २३ अन्तर्गतका पशुपंक्षिको दाना र फिडसप्लिमेण्ट । हड्डिको धुलो र माछाको धुलो ।

(छ) सामान्य भाडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष प्रकारको भाँडा र कुखुराको पानी पिउने विशेष किसिमका भाँडा ।

समूह ५ : औषधि उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) स्वास्थ्य सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधिहरु र गर्भ निरोधक साधनहरु,

(ङ) मुटुको उपचारमा प्रयोग हुने पेसमेकर, स्टेण्ट, मुटुको भल्व, अशक्त र अपाङ्ग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सिजन ग्याँस, व्याण्डेज

(छ) औषधि उद्योगको कच्चा पदार्थ :- हार्मोनाइज्ड कोडको भाग २८ भित्र पर्ने औषधि उद्योगले प्रयोग गर्ने धातुका लवणहरु, अक्साइडहरु र हाइड्रोअक्साइडहरुका अतिरिक्त भाग २९ अन्तर्गत पर्ने औषधिका कच्चा पदार्थ (औषधिको सक्रिय तत्व) औषधि उद्योगले औषधि उत्पादनको लागि प्रयोग गर्ने कच्चा पदार्थ र प्याकिंग मेटेरियल,

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्व विद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालीम वा पुनर्ताजगी तालीमहरु,

(ग) विद्यालय तथा विश्व विद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, पात्रो, अखवार, पत्रपत्रिका र त्यसको मुद्रण तथा प्रकाशन,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,
(ख) सांस्कृतिक कार्यक्रम,
(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, यात्रुबाहक यातायात (केवुलकार बाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसँग सम्बन्धित ढुवानी बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक, नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा, विदेशमा जनशक्ति आपूर्ति गर्ने सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (नेपाल सरकारबाट संचालित मात्र)
   (क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,
   (ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,
   (ग) हुलाक टिकट,
   (घ) नेपाल सरकारद्वारा प्रदान गर्ने सेवाहरु,

२. अन्तः शुल्क टिकट, क्यास मेशिन र राहदानी ।

३. वित्तिय सेवा र जीवन बीमा सेवा

४. बैंक नोट, सिक्का तथा चेक बुक
   (क) नेपाली नोटको छपाई तथा निष्काशन,
   (ख) नेपाल राज्य बाहिरबाट नेपाल राज्य भित्र हुने बैंक नोटको आपूर्ति,
   (ग) चेक बुक ।

५. सुन, चाँदी
   (क) सुन, सुनका सिक्का र सुनका गहना र हीरा जवाहरात,
   (ख) चाँदी, चाँदीका सिक्का, चाँदीका तैयारी वस्तु र गरगहना ।

६. विद्युत आपूर्ति

७. कच्चा ऊन ।

८. ब्याट्रीबाट चल्ने टेम्पो, तिनका चेसिस र ब्याट्री ।

९. बैकल्पिक उर्जा केन्द्रको सिफारिसमा बायो ग्याँस, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणहरु र सोमा प्रयोग हुने सोलार फोटोभोल्टिक फ्ल्याट प्लेट तथा ट्यूवलर ब्याट्री ।

१०. हवाईजहाज, हेलीकप्टर तथा तिनका इन्जिन दमकल, एम्बुलेन्स र शव बाहन ।

११. जुट ब्याचिङ आयल, जुटका उत्पादनहरु ।

१२. भन्सार दरवन्दीको भाग ८४ का ५ प्रतिशत सम्म भन्सार महशुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मील मेशिनरी एवं यन्त्र उपकरणहरु, मोल्डिंग गर्ने साँचो (पार्टपूर्जा वाहेक) ।

१३. ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताई, रङ्गाई, धुलाई र बुनाई ।

१४. शतप्रतिशत सूतिको साडी, लुंगि, धोती (मदार्ना/जनाना) पेटानी, गम्छा र सुती धागोमा (संकेत नं. ५२०५ र ५२०७) ।

१५. स्वेदशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

१६. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।

१७. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसूल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरु ।

१८. कपडा, सलाई (काठको काटी मात्र), र टायर-ट्युब उद्योगहरुले आफ्नो उत्पादनको उक्त सामान बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउंदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रकृया बमोजिम ती उद्योगलाई फिर्ता दिइनेछ ।

(घ) समूह १ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ ।

"(ङ)प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया ।"

(ङ) समूह २ को खण्ड (क) को सट्टा "अप्रशोधित तोरीको तेल" राखिएको छ ।

(च) समूह ३ को "ताजा दुध" पछि "(पाश्चाराइज्ड) र दही" थपिएको छ ।

(छ) समूह ४ को खण्ड (घ) पछि देहायको खण्ड (ङ), (च) र (छ) थपिएको छः

"(ङ)कृषि कार्यमा प्रयोग हुने ट्र्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरू, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ्ग सेट र सो को ३० मिटर सम्मको होज पाइप ।

(च) कुखुराले पानी पिउने भांडो, कुखुराको चल्ला राख्ने वाकस र अण्डा राख्ने क्रेट ।

(छ) पशुपंक्षीको दाना (फिडसप्लीमेण्ट वाहेक)"

(ज) समूह ५ को खण्ड (क), (ख), (ग) र (च) लाई हटाई खण्ड (क) मा "सरकारी स्वामित्वमा संचालन भएका स्वस्थ्य संस्थाहरूले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा" थपिएको छ । अन्य खण्डहरूको क्रमांक मिलाइएको छ ।

(झ) समूह ५ को खण्ड (घ) मा "भ्याक्सिन" थपिएको छ ।

(ञ) समूह ६ को खण्ड (ग) को "शिक्षण सेवा" पछिका शब्दहरू हटाइएका छन् ।

(ट) समूह ७ को खण्ड (क) देखि (च) सम्मको सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छः

(क) पुस्तक, अखवार, पत्रपत्रिका, तथा आवधिक प्रकाशनहरू ।

(ख) अखवारी कागज ।

(ठ) समूह ८ को खण्ड (ग) को "वनस्पति उद्यान" पछि "(राष्ट्रिय निकुञ्ज)" थपिएको छ ।

(ड) समूह ८ को खण्ड (घ) हटाइएको छ ।

(ढ) समूह ९ को सट्टा "हवाइयात्रा, गैर पर्यटकिय यातायात (केवुल कार वाहेक) तथा ढुवानी सेवाहरू ( आपूर्तिसंग सम्वन्धित ढुवानी सेवा वाहेक)" राखिएको छ ।

(ण) समूह १० को "कानूनी व्यवसायी, लेखा परीक्षक, इन्जिनियर" भन्ने शब्दहरू हटाइएका छन् ।

(त) समूह ११ को खण्ड (७) पछि देहायका दफा ८ देखि १९ सम्म थपिएको छः

(८) ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

(९) बैकल्पिक उर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सवै संयन्त्र तथा उपकरणहरू ।

(१०) हवाइजहाज, हेलिकप्टर, दमकल र एम्वुलेन्स ।

(११) जुटका उत्पादनहरू ।

(१२) भाग ८४ को ५ प्रतिशत भंसार महशल लाग्ने औद्योगिक मेशिनरी ।

(१३) ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताइ, रङ्गाइ धुलाई र बुनाई ।

(१४) आल्मुनियम, तामा र पित्तलको स्क्राप, ढिक्का, सर्कल, पाता तथा तयारी भाडाकुंडाहरू ।

(१५) सुनका गहना ।

(१६) सुति तथा अन्य रेशाका कृत्रिम साडी, लुंगी, गाम्छा, धोती (सर्दाना/जनाना), पेटानी ।

(१७) सुती धागो ।

(१८) स्वदेशमै हातले बुनिने स्वेटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक वाहेक) ।

(१९) अर्थ मन्त्रालयबाट स्वीकृत भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरू ।

कर छुट गरिएका वस्तु तथा सेवाहरूको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

२६. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची–२ मा देहाय वमोजिम हेरफेर गरिएको छ:

(क) दफा २ को खण्ड (ख) को सट्टा "नेपाल अधिराज्य बाहिर गन्तब्य स्थान भएको अन्तराष्ट्रिय उडानमा स्टेरको रूपमा राखिएको वा"

(ख) दफा २ को खण्ड (ग) को सट्टा "नेपाल अधिराज्य बाहिर गन्तब्य स्थान भएको अन्तराष्ट्रिय उडानमा खुद्रा विक्री वा आपूर्ति, वा उपभोग गर्नका लागि राखिएको ।"

(ग) दफा ३ को खण्ड (क) को सट्टा "नेपाल अधिराज्य भित्र वसोवास भएको ब्यक्तिले नेपालमा कुनै ब्यावसायिक कारोवार, ब्यावसायिक प्रतिनिधित्व वा कानूनी रूपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य वाहिरका ब्यक्तिलाई आपूर्ति गरेको सेवा ।"

(घ) दफा ३ को खण्ड (ख) को सट्टा "नेपाल अधिराज्य भित्र वसोवास भई दर्ता भएको ब्यक्तिले नेपाल अधिराज्य वाहिर वसोवास भएको ब्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।"

नेपाल राजपत्र
नेपाल सरकारद्वारा प्रकाशित
खण्ड ५६ काठमाडौं, असार २८ गते २०६३ साल (अतिरिक्ताङ्क २३(क))
भाग ३
नेपाल सरकार
अर्थ मन्त्रालयको
सूचना १

नेपाल सरकारले सामयिक कर असूल ऐन, २०१२ को दफा ३ अन्तरगत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी देहायका वस्तु तथा सेवामा लाग्ने मूल्य अभिबृद्धि कर अर्को सूचना जारी नभएसम्मका लागि पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ:–

१. १,३२,०० के.भि., ६६,००० के.भि., ३३,००० के.भि.र ११,००० के.भि.को विद्युत आपूर्ति सेवा,

२. ढुवानी तथा यातायात सेवा,

३. मट्टितेल ।

**मिति २०६३ आषाढ २८ गते जारी भएको आर्थिक ऐन २०६३ ले व्यवस्था गरेको मूल्य अभिवृद्धि कर ऐनमा देहाय बमोजिम परिवर्तन गर्ने नेपाल सरकार मं.प.को २०६३।०५।०६ को निर्णयानुसार निम्नानुसार परिवर्तन गरेको छ ।**

१. आयकर तर्फ :-
आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) मा रहेको "ग्रामिण समुदायमा" भन्नाले नगरपालिका क्षेत्र र सो क्षेत्रसंग जोडिएका गा.विस. बाहेकको क्षेत्र भनी स्पष्ट गरिएको ।

**आर्थिक ऐन, २०६३ को दफा २२ को आधारमा नेपाल सरकार मं.प.को २०६३।०८।११ को निर्णयानुसार निम्नानुसार छुट सहुलियत प्रदान गरेको छ ।**

१. मूल्य अभिवृद्धि कर तर्फ :-

(क) बैकल्पिक उर्जा प्रविधिमा प्रयोग हुने ब्याट्री उत्पादन गर्ने स्वदेशी उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थमा लाग्ने मूल्य अभिवृद्धि कर बैकल्पिक उर्जा केन्द्रको सिफारिशमा छुट गर्ने ।

(ख) Jute Batching Oil (JBO) मा लाग्ने मूल्य अभिवृद्धि कर छुट गर्ने ।

(ग) काठको काँटी प्रयोग गर्ने सलाई उद्योगले आफ्नो मूल्य अभिवृद्धिमा उठाएको करको २५ प्रतिशत सरकारले तोके बमोजिम फिर्ता गर्ने ।

(घ) वण्डेड वेयर हाउस मार्फत करमुक्त पसलको लागि पैठारी गर्ने मालसामानमा लाग्ने मूल्य अभिवृद्धि कर बैंक प्रत्याभूति राखी पैठारी गर्न पाउने ।

२. अन्तःशुल्क तर्फ :-

स्वीकृति प्राप्त करमुक्त पसल (वण्डेड वेयर हाउस र ड्यूटी फ्रि सप) ले अन्तःशुल्क लाग्ने वस्तु खरिद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बापतको रकम बैंक प्रत्याभूति राखी पैठारी गर्न पाउने ।

३. **<u>आयकर तर्फ :-</u>**

आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) मा उल्लेखित सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई कर छुट बारोबार गर्ने बाहेकको कारोबार गर्ने सहकारी संस्थालाई २० प्रतिशत मात्र आयकर लाग्ने गरी बाँकी छूट गर्ने ।

४. व्यापारिक प्रयोजनको लागि पैठारी हुने सुनमा लाग्ने स्थानीय बिकाश शुल्क छुट गर्ने ।

*** *** ***

# मूल्य अभिवृद्धि कर नियमावली, २०५३

(पहिलो संशोधन देखि दशौं संशोधनसम्म समावेश)

पहिलो संशोधन, २०५५/०८/०७
दोस्रो संशोधन, २०५९/०३/२४
तेस्रो संशोधन, २०५९/०९/२२
चौथो संशोधन, २०६०/०४/०१
पाचौं संशोधन, २०६१/०४/०१
छैठौं संशोधन, २०६१/१२/०३
सातौं संशोधन, २०६२/०४/०१
आठौं संशोधन, २०६२/०६/१७
नवौं संशोधन, २०६२/१०/०१
दशौं शंशोधन २०६४/०३/२८

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम “मूल्य अभिवृद्धि कर नियमावली, २०५३” रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मिति देखि प्रारंभ हुनेछ[९८] ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन” भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनु पर्छ ।

(ख) “कर अवधि” भन्नाले करदाताले ऐनको दफा १८ बमोजिम कर विवरण पेश गर्नु पर्ने अवधि सम्झनु पर्छ ।

(ग) “कर विवरण” भन्नाले करदाताले कर अवधिमा कर लाग्ने कारोबार गरे बापत बुझाउनु पर्ने करको सम्बन्धमा पेश गरेको विवरण सम्झनु पर्छ ।

## परिच्छेद-२
## दर्ता सम्बन्धी व्यवस्था

३. **दर्ताको लागि दरखास्तः** (१) ऐन प्रारम्भ हुँदाका बखत कुनै कारोबारमा संलग्न रहेको व्यक्तिले ऐन प्रारम्भ भएको मितिले नब्बे दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त दिनु पर्नेछ ।

(२) ऐन प्रारम्भ भएपछि कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नुभन्दा अघि सम्बन्धित कर अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम दर्ताको लागि दरखास्त दिने व्यक्ति साझेदार भएमा अनुसूची-२ बमोजिमको ढाँचामा साझेदारीको पूर्ण विवरण समेत दरखास्त साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

४. **दरखास्तको जाँचबुझः** (१) नियम ३ बमोजिम परेको दरखास्तसाथ संलग्न विवरण तथा कागजातहरु जाँचबुझ गर्दा आवश्यक देखिएका अन्य थप विवरण तथा कागजातहरु समेत पेश गर्न सम्बन्धित कर अधिकृतले दरखास्तवालासँग माग गर्न सक्नेछ । यसरी मागिएको थप विवरण तथा कागजातहरु माग गरिएको मितिले सात दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्ने कर्तव्य दरखास्तवालाको हुनेछ ।

---

[९८] नेपाल सरकारले यो नियमावली २०५४ साल मंसिर १ गते देखि प्रारंभ हुने गरी तोकेको ।

(२) ऐनको दफा १० को उपदफा (३) मा उल्लेख भए बमोजिम दर्ता गर्नु नपर्ने कारोबार दर्ता गर्नको लागि कसैको दरखास्त पर्न आएको रहेछ भने सम्बन्धित कर अधिकृतले दर्ता गर्नु नपर्ने व्यहोरा उल्लेख गरी सो को जानकारी दरखास्त परेको मितिले सात दिनभित्र दरखास्तवालालाई दिनु पर्नेछ ।

५. **दर्ताको प्रमाणपत्र दिनु पर्ने:** नियम ३ बमोजिम दर्ताको लागि परेको दरखास्त उपर सम्बन्धित कर अधिकृतले नियम ४ बमोजिम जाँचबुझ गरी दर्ता गर्न उपयुक्त हुने देखेमा दरखास्त परेको मितिले तीस दिनभित्र दरखास्तवालाले गरेको वा गर्न चाहेको कारोबारलाई दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ता नम्बर सहितको दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

६. **सानो कारोबार गर्ने व्यवसायीले दर्ता गराउनु नपर्ने:** (१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा वीस लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउन पर्ने छैन[९९] । यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वार्षिक वीस लाख रुपयैयाँसम्मको मात्र कारोबार भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ[१००] ।

.......[१०१]

(१क)[१०२] कुनै आपूर्तिको खरीद, विकी, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा करको प्रयोजनको लागि कर अधिकृतले त्यस्तो आपूर्तिको खरीद, विकी र मौज्दातलाई एउटै कारोवार सीमा मानी कर निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

(१ख) ..........

(१ग) ..........

---

[९९] दोस्रो संशोधनले संशोधन, पहिलो संशोधनले निम्न व्यवस्था गरेको :

"(१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा पैतालीस लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउन पर्ने छैन

तर नेपाल अधिराज्यभित्र ब्यापारिक प्रयोजनको लागि एक पटकमा दुई लाख रुपैयांभन्दा बढी वा वार्षिक बाह्र लाख रुपैयांभन्दा वढी पैठारी मूल्यको वस्तु भारत र तिब्बतबाट आयात गर्ने व्यक्तिले आफ्नो बारोवार दर्ता गराउनु पर्नेछ ।"

तर यो प्रतिबन्धात्मक बाक्याशं आठौं संशोधनबाट झिकिएको ।

**मूल नियमावलीमा निम्न व्यवस्था थियो** :

"(१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा **दश** लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउन पर्ने छैन ।

"तर नेपाल अधिराज्यभित्र ब्यापारिक प्रयोजनको लागि वार्षिक एक लाख रुपैयां वा सो भन्दा वढी पैठारी मूल्यको वस्तु आयात गन व्यक्तिले आफ्नो बारोवार दर्ता गराउनु पर्नेछ ।"

[१००] तेस्रो संशोधनले थप ।

[१०१] दोस्रो संशोधनले थप गरेको निम्न प्रतिवन्धात्मक वाक्यांश आठौं संशोधनले झिकेको :

"तर नेपाल अधिराज्य भित्र घरेलु उद्योगले सो प्रयोजनका लागि आफै पैठारी गर्ने देखि वाहेक अन्य कुनैपनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले एक पटकमा दश हजार रुपैया भन्दा वढिको करयोग्य वस्तु पैठारी गर्दा आफ्नो कारोवार दर्ता गराउनु पर्नेछ ।"

[१०२] दोस्रो संशोधनले संशोधन, पहिलो संशोधनवाट उपनियमा (१क), (१ख) र (१ग) थप भएकोमा यी उपनियमहरु आर्थिक ऐन, २०५६ ले खारेज गरेको, थप हुदा निम्न व्यवस्था थियो:

"(१क) भारत र तिब्बतवाट व्यापारिक कारोवार गर्न चाहाने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता प्रमाणपत्रमा भारत र तिब्बतवाट व्यापारिक कारोवार गर्ने ब्यहोरा स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ । यसरी कारोवार गर्ने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता प्रमाणपत्रमा भन्सार अधिकृतले आयात गरेको वस्तुको विवरण मूल्य र आयत गरेको मिति समेत जनाउनु पर्नेछ ।"

(१ख) भारत तिब्बतवाट व्यापारिक कारोवार गर्ने व्यक्तिले त्यसरी कारोवार गर्दा अग्रिम आयकर वापत पांच प्रतिशतका दरले हुने रकम भन्सार कार्यालयमा बुझाउनु पर्नेछ ।

(१ग) यस नियममा माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आयकर दर्ता प्रमाणपत्र नलिई एक पटकमा तीन हजार रुपैयांसम्मको पैठारी मूल्यको वस्तु भारत र तिब्बतवाट आयत गर्न पाउनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गराउन चाहेमा नियम ३ बमोजिम दरखास्त दिन सक्नेछ । यसरी स्वेच्छाले कारोबार दर्ता गराउन दरखास्त परेमा कर अधिकृतले नियम ४ बमोजिमको जाँचबुझ प्रक्रिया पूरा गरी कारोबार दर्ता गरिदिनु पर्नेछ ।

६क.[१०३] **ठेक्का सम्वन्धी व्यवस्था :-** ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई करको भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्नेछ । सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक वीस लाख रुपैयाभन्दा बढीको ठेक्कापट्टा दिंदा वा वार्षिक एक लाख रुपैयाभन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्तिसंग मात्र दिनु लिनु पर्नेछ ।

७. **कारोबार दर्ता गराउनु पर्ने विशेष अवस्था:**[१०४] (१) कुनै व्यक्तिको वार्षिक[१०५] कारोबार बीस लाख रुपैयाँ[१०६] नाघ्न सक्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) मा उल्लेख भए अनुसार अनुमान गर्न सकिने अवस्था नभै कसैले गरेको कारोबारको रकम बीस लाख रुपैया[१०७] नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(३)[१०८] ..........

(४)[१०९] ऐनको दफा १० को उपदफा (२) बमोजिम दर्ता गर्नुपर्ने वस्तु वा सेवाको कारोबार गरेका व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ता गर्नु पर्नेछ ।

(५)[११०] यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले गरेको कर लाग्ने वस्तु वा सेवाको[१११] कारोबारको सम्बन्धमा देहायको अवस्था भएमा त्यस्तो कारोबार कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(क) कर अधिकृतले निरीक्षण गर्दाका बखत कारोबार गर्ने व्यक्तिसँग रहेको वस्तुको प्रकृतिको आधारमा विभागले तोकेको रकमभन्दा बढी मूल्यको वस्तु मौज्दात भएमा ..........[११२]

(ख) कुनै व्यक्तिको टेलिफोन महसुल र घर वहाल गरी वार्षिक एक लाख रुपैंयाभन्दा बढी खर्च भएमा, वा

---

[१०३] दोस्रो संशोधनले थप ।

[१०४] पहिलो संशोधनले मूल नियमावलीको नियम ७ को उपनियम (१) र (२) मा रहेका "दश लाख" भन्ने शव्दको सट्टा "पैतालिस लाख" भन्ने शव्द राखेकोमा आर्थिक ऐन, २०५६ ले खारेज गरेको ।

[१०५] आठौं संशोधनले "आगामी तीन महिनामा आफ्नो" भन्ने वाक्याशको सट्टा राखेको .

[१०६] दोस्रो संशोधनले "दश लाख रुपैयाँ" भन्ने शव्दको सट्टा "वीस लाख रुपैयाँ" भन्ने शव्द राखेको ।

[१०७] दोस्रो संशोधनले "दश लाख रुपैयाँ" भन्ने शव्दको सट्टा "वीस लाख रुपैयाँ" भन्ने शव्द राखेको ।

[१०८] दशौं संशोधनले झिकेको, आठौं संशोधनले थप गर्दा निम्न व्यवस्था गरेको थियो:
"(३) कुनै करदाताले आफ्नो कारोबारको सीमा बीस लाख रुपैंया नभएको दावी गरेको विषय उपर कर अधिकृतलाई शंका लागेमा निजले त्यस्तो करदाताको स्वीकृतिमा पेशागत संस्थासँग परामर्श गर्न सक्नेछ ।"

[१०९] आठौं संशोधनले थप ।

[११०] आठौं संशोधनले थप ।

[१११] दशौं संशोधनले थप ।

[११२] दशौं संशोधनले झिकेको, नवौं संशोधनले "वा कुनै महिनामा दुई लाख वा सोभन्दा बढी रुपैयाको विक्री भएमा," भन्ने वाक्यांश थप गरेको थियो ।

(ग) विभागले तोकेको बजार वा सडक क्षेत्रभित्रको विभागले तोकेको निश्चित क्षेत्रफलमा कुनै व्यक्तिको कारोबार स्थल भएमा ।

८. **कारोबारको रकमको निर्धारण:** कारोबार दर्ता गर्ने प्रयोजनको निमित्त कुनै कारोबारको रकमको निर्धारण सो कारोबारको विगत बाह्र महीनाको खरीद वा बिक्री मूल्यमध्ये जुन बढी हुन्छ सोको आधारमा गरिनेछ । दर्ता भएको व्यक्तिले कारोवार रकम पुष्ट्याई गर्ने अभिलेख कारोवार स्थलमा राख्नु पर्नेछ र कर अधिकृतले मागेको बखत देखाउनु पर्नेछ ।

९. **स्थान परिवर्तनको सूचना दिनु पर्ने**: (१) कुनै दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको स्थान परिवर्तन गर्नु पर्ने भएमा त्यस्तो परिवर्तन गर्नुभन्दा पन्ध्र दिन अगावै सो कुराको जानकारी सम्बन्धित कर अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित कर अधिकृतले परिवर्तन हुने कारोबार स्थान अर्को कर कार्यालयको कार्य क्षेत्रभित्र पर्ने देखेमा सम्बन्धित कार्यालयलाई सो कुराको जानकारी त्यस्तो सूचना पाएको मितिले सात दिनभित्र दिनु पर्नेछ ।

१०. **कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन गर्न सूचना दिनु पर्ने**: (१) कुनै दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन गर्नुभन्दा पन्ध्र दिन अगावै सम्बन्धित कर अधिकृतलाई सो कुराको सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त गरेपछि सम्बन्धित कर अधिकृतले दर्ता भएको व्यक्तिको कारोबारको प्रकृति वा उद्देश्यलाई परिवर्तन गरी त्यसको जानकारी त्यस्तो दर्ता भएको व्यक्तिलाई दिनु पर्नेछ ।

११. **कारोबारको हस्तान्तरण**: (१) कुनै दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै व्यक्तिलाई पूर्ण वा आंशिक रुपमा हस्तान्तरण गरेमा त्यसरी कारोवार हस्तान्तरण गरेको मितिले सात दिनभित्र अनुसूची-४ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरु खुलाई सो कुराको जानकारी सम्बन्धित कर अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कारोबारको हस्तान्तरण भएमा हस्तान्तरणका शर्तहरुका अधीनमा रही हस्तान्तरणकर्ताको हक, अधिकार तथा दायित्वहरु समेत हस्तान्तरण हुनेछ ।

(३) सम्बन्धित कर अधिकृतले कारोबार हस्तान्तरणसंग सम्बन्धित दुवै पक्षलाई आफ्नो रोहवरमा राखी ऐन र यस नियमावली बमोजिम निजहरुले पूरा गर्नु पर्ने दायित्वका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशनको पालना गर्नु निजहरुको कर्तव्य हुनेछ ।

१२.[११३] **दर्ता खारेजीको प्रक्रिया**: (१) ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्थाको कारणबाट कुनै दर्ता भएको व्यक्तिको दर्ता खारेज हुने भएमा त्यस्तो दर्ता भएको व्यक्ति वा निज नरहेको अवस्थामा निजको हकवालाले दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र दर्ता खारेज गर्नको लागि दर्ता खारेज हुने अवस्था खुलाई अनुसूची-११ बमोजिमको कर विवरण तथा बुझाउनु पर्ने कर रकम समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिएमा वा दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रही दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नु पर्ने कुरामा सम्बन्धित कर अधिकृत विश्वस्त भएमा बाँकी कर रकम बुझाउन लगाई त्यस्तो व्यक्तिको दर्ता खारेज गरी सो कुराको जानकारी सम्बन्धित दर्ता भएको व्यक्ति वा निजको हकवाला र विभागलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता खारेजीको लागि दरखास्त दिएपछि दर्ता खारेजीको जानकारी नभएसम्म वा ३ महिनासम्म कर विवरण पेश गर्नुपर्नेछ ।

---

[११३] दशौं संशोधनले संशोधन, संशोधन भन्दा पहिले निम्न व्यवस्था थियो :

"१२. **दर्ता खारेजीको प्रक्रिया**: ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्थाको कारणबाट कुनै दर्ता भएको व्यक्तिको दर्ता खारेज हुने भएमा त्यस्तो दर्ता भएको व्यक्ति वा निज नरहेको अवस्थामा निजको हकवालाले दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र दर्ता खारेज गर्नको लागि दर्ता खारेज हुने अवस्था खुलाई अनुसूची-११ बमोजिमको कर विवरण तथा बुझाउनु पर्ने कर रकम समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिएमा वा दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रही दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नु पर्ने कुरामा सम्बन्धित कर अधिकृत विश्वस्त भएमा बाँकी कर रकम बुझाउन लगाई त्यस्तो व्यक्तिको दर्ता खारेज गरी सो कुराको जानकारी सम्बन्धित दर्ता भएको व्यक्ति वा निजको हकवाला र विभागलाई दिनु पर्नेछ ।"

(३) दर्ता खारेजीको दरखास्त परेको मितिले ३ महिनाभित्र दर्ता खारेज भएको वा नहुने भए सो विषयको जानकारी दिनु सम्बन्धित कर अधिकृतको कर्तव्य हुनेछ ।

१३. **दर्ता नम्बरको प्रयोगः** ऐनको दफा १० को उपदफा (६) मा उल्लिखित कारोबारहरुका अतिरिक्त दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्वरको प्रयोग आफूले गर्ने कारोबारसंग सम्बन्धित देहायका कागजातहरुमा समेत गर्नु पर्नेछः-

(क) आयकर सम्बन्धी कागजातमा,

(ख) बैंक तथा वित्तीय संस्थाहरुमा व्यापारिक तथा औद्योगिक प्रयोजनको लागि एक लाख रुपैयाँभन्दा बढी ऋृणको लागि दिइने निवेदन सम्बन्धी कागजातमा,

(ग) आयात तथा निर्यात सम्बन्धी कागजातमा ।

१४. **प्रतिलिपि दिनेः** (१) दर्ता भएको व्यक्तिले नियम ५ बमोजिम प्राप्त गरेको कारोबार दर्ताको प्रमाणपत्र च्यातिएमा, हराएमा वा अन्य कुनै किसिमबाट नासिएमा त्यस्तो प्रमाणपत्रको प्रतिलिपि लिनको लागि प्रतिलिपि दस्तुर वापत लाग्ने एकसय रुपैयाँ समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित कर अधिकृतले कारोबार दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

१४क.[११४] **करपाटीको व्यवस्था** : करदाताले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र कारोबार स्थलमा सबैले देख्न सक्ने गरी विभागले तोकेको ढाँचामा करपाटी राख्नु पर्नेछ ।

## परिच्छेद-३
## आपूर्ति स्थान र समय

१५. **वस्तुको आपूर्ति स्थानको निर्धारणः** देहायको स्थानलाई वस्तुको आपूर्ति भएको स्थान मानिनेछः-

(क) बिक्री गरी हस्तान्तरण गरिएको चल वस्तुको आपूर्तिको स्थान जहाँ त्यस्तो वस्तु बिक्री गरिएको वा हस्तान्तरण गरिएको छ सोही ठाउँ,

(ख) स्वामित्व परिवर्तन गरिए पनि स्थान परिवर्तन गर्न नसकिने अचल वस्तुको सम्बन्धमा त्यस्तो वस्तु रहेको ठाउँ,

(ग) आयात गरिएको वस्तुको सम्बन्धमा त्यस्तो वस्तु नेपाल अधिराज्यभित्र आयात गरिने नेपाल अधिराज्यको भन्सार विन्दू,

(घ) कुनै उत्पादक वा विक्रेताले कुनै वस्तु स्वयं आफूलाई आपूर्ति गरेमा त्यस्तो वस्तुको उत्पादक वा विक्रेता रहेको स्थान ।

१६. **सेवाको आपूर्ति स्थानको निर्धारणः** सेवाको आपूर्ति स्थान सेवाबाट लाभ प्राप्त गर्ने ठाउँ हुनेछ ।

## परिच्छेद-४
## बिजक तथा बजार मूल्य सम्बन्धी व्यवस्था

१७. **कर विजकः** (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची-५ र ५क.[११५] बमोजिमको ढाँचामा कर विजक दिनु पर्नेछ । त्यसरी कर बीजक जारी गर्दा कुनै बस्तुको किसिम, साइज, मोडल र ब्राण्ड भएमा सो खुलाउनु पर्नेछ[११६] ।

---

[११४] आठौं संशोधनले थप ।

[११५] आठौं संशोधनले थप ।

(१क) [११७] उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १४ को उपदफा (७) बमोजिम वस्तु वा सेवाको बिक्री गर्दा अनुसूची-५ख मा उल्लिखित विवरण बमोजिमको कर बिजक जारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रापकलाई दिइने बिजकको मुख पृष्ठमा देखिने गरी प्रष्टसंग कर विजक लेखिएको हुनु पर्नेछ । यस्तो कर विजकको तीन प्रति तयार गरी त्यसको सक्कल प्रति प्रापकलाई दिने, दोस्रो प्रति कार्यालयले माग गरेका बखत पेश गर्ने गरी छुट्टै अभिलेख खडा गरी राख्ने र तेस्रो प्रति दर्ता भएको व्यक्तिले आफ्नो कारोबार प्रयोजनको निमित्त अभिलेख खडा गरी राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(३)[११८] .....................

(४)[११९] .....................

(५)[१२०] ....................

१८. **संक्षिप्त कर बिजक**: (१) नियम १७ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै दर्ता भएको व्यक्तिले कुनै वस्तुको खुद्रा बिक्री गर्ने भएमा सोही कुरा खुलाई सम्बन्धित कर अधिकृत समक्ष निवेदन दिएमा त्यस्तो दर्ता भएको व्यक्तिले कुनै वस्तुको खुद्रा बिक्री गर्दा नियम १७ मा उल्लेख भए बमोजिमको कर बिजकको सट्टा अनुसूची-६ बमोजिमको ढाँचामा प्रापकलाई संक्षिप्त कर बिजक दिनु पर्ने गरी अनुमति दिन सक्नेछ ।

(२) कम मोल पर्ने धेरै वस्तुहरु बिक्री गरिएको रहेछ भने उपनियम (१) बमोजिम दिइने संक्षिप्त कर बिजकमा सबै वस्तुहरुको छुट्टा छुट्टै नाम उल्लेख नगरी एकमुष्ट केही वस्तुहरु भनी उल्लेख गर्न सकिनेछ ।

---

[११६] आठौं संशोधनले थप ।

[११७] नवौं संशोधनले थप ।

[११८] आठौं संशोधनले झिकेको । दोस्रो संशोधनले उप नियम (३) थप गरी निम्न व्यवस्था गरेको थियो :

"(३) खुद्रा विक्रेताले स्थायी लेखा नम्वर नभएका व्यक्तिलाई जतिसुकै रकमको वस्तु वा सेवा आपूर्ति गर्दा कर छुट्टै नदेखाई लाग्ने कर समेत मूल्यमा गाभी अनुसूची ५क. बमोजिमको ढांचामा एकमुष्ठ रकमको कर बीजक जारी गर्नु पर्नेछ । स्थायी लेखा नम्वर भएको प्रापकले पचास हजार रुपैयाँसम्मको वस्तु वा सेवा आपूर्ति गर्दा प्राप्त गरेको विजकमा निजको नाम, ठेगाना र स्थायी लेखा नम्वर उल्लेख गरेको भए कर कट्टी सुविधा पाउनेछ । यस्तो विजकवाट करको कूल अंक निकाल्ने तरिका नियम १८ को उपनियम (७) मा उल्लेख भए बमोजिम हुनेछ ।

तर पचास हजार रुपैयाँभन्दा वढीको आपूर्तिमा दर्ता भएका व्यक्तिलाई र ऐनको दफा २५ बमोजिम कर फिर्ता पाउने व्यक्ति वा संस्थालाई उपनियम (१) वमोजिमको विजक जारी गर्नु पर्नेछ ।"

[११९] आठौं संशोधनले झिकेको । दोस्रो संशोधनले उप नियम (४) थप गरी निम्न व्यवस्था गरेको थियो :

"(४) कर लाग्ने बस्तु वा सेवाको कारोवार गर्ने सवै विक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नम्बर, मिति र सिलसिलेवार नम्वर **तथा सामानको स्पष्ट विवरण*** सहितको बीजक जारी गर्नुपर्नेछ । उत्पादक तथा आयतकर्ताले प्रापकको नाम, स्थायी लेखा नम्वर, ठेगाना स्पष्ट उल्लेख नगरी विजक जारी गरेमा यस्तो विक्रीलाई प्रचलित वजार मूल्यमा खुद्रा विक्री गरे सरह मानिनेछ ।

तर प्रापकको स्थायी लेखा नम्बर नभए विजकमा स्थायी लेखा नम्वर उल्लेख गर्नुपर्ने छैन ।"

*तेस्रो संशोधनले थप ।

**तर सातौं संशोधनले यो उपनियम (४) को सट्टा निम्न उपनियम (४) राखेको थियो ।**

"(४) कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने सवै विक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नम्वर, मिति र सिलसिलेवार नम्वर तथा सामानको विवरण (मोडल, व्राण्ड, संकेत नम्वर) सहितको विजक जारी गर्नु पर्नेछ । बिक्रेताले सो नगरी विजक जारी गरेमा त्यस्तै सामानको प्रचलित प्रचलित बजार मूल्य (उच्चतम) कायम गरी कर असूल गरिनेछ ।

तर सरकारी, सार्वजनिक संस्थान जस्ता स्थायी लेखा नम्वर लिन अनिवार्य नहुने बिक्रेताको हकमा भने स्थायी लेखा नम्वर उल्लेख गर्नु पर्ने छैन ।"

[१२०] आठौं संशोधनले झिकेको । दोस्रो संशोधनले उप नियम (५) थप गरी निम्न व्यवस्था गरेको थियो :

"(५) एक पटकमा रु. दश हजार भन्दा बढी मूल्य पर्ने कर लाग्ने बस्तुको मौज्दात ओसारपसार गर्दा वा दर्ता नभएको व्यक्तिलाई बिक्री गरिएको वस्तु ओसारपसार गर्दा कर अधिकृतको निस्सा भएको वीजक सहित ओसारपसार गर्नुपर्नेछ । यस्तो निस्सा करदाताले दर्ता भएको कार्यालय वा शाखा रहेको कार्यालयबाट प्राप्त गर्न सक्नेछ । दर्तावाला करदाताहरु बीच हुने आपूर्तिमा भने यस्तो निस्सा आवश्यक पर्ने छैन ।"

(३) उपनियम (१) बमोजिम वस्तु खरीद गरी संक्षिप्त कर बिजक लिने प्रापकले ऐनको दफा १७ बमोजिम कर कट्टी गर्न पाउने छैन ।

(४) उपनियम (१) बमोजिम प्रापकलाई संक्षिप्त कर बिजक दिने दर्ता भएको व्यक्तिले सो कुराको अभिलेख देहाय बमोजिम राख्नु पर्नेछ :-

(क) सक्कल बिजकको नक्कल प्रति तयार गरी राख्नु पर्ने,

(ख) टिलरोलको प्रतिलिपि राखी कारोबार गरिएकोमा प्रत्येक दिन सोको जोड गरी राख्नु पर्ने,

(ग) प्रत्येक कारोबारको कर समेतको मूल्यको अभिलेख राख्ने ।

(५) उपनियम (४) बमोजिम दर्ता भएको व्यक्तिले राख्नु पर्ने अभिलेख राखेको नपाइएमा कर अधिकृतले उपनियम (१) बमोजिम संक्षिप्त कर बिजक जारी गर्न दिएको अनुमति खारेज गर्न सक्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पाँचहजार रुपैयाँ[१२१] भन्दा बढी मूल्यको कारोबार भएको रहेछ भने यस नियम बमोजिम संक्षिप्त कर बिजक जारी गर्न पाईने छैन र सोभन्दा कम रकमको कारोबार भएको भएतापनि नियम १७ बमोजिमको कर बिजकको माग गर्ने प्रापकलाई सोही बमोजिमको कर बिजक उपलब्ध गराउने कर्तव्य दर्ता भएको व्यक्तिको हुनेछ ।

"तर विभाग वा कार्यालयवाट क्यास मेसिन वा कम्प्यूटरको सफ्टवेयरबाट विजक जारी गर्न स्वीकृती प्राप्त गरेको दर्ता भएको व्यक्तिले अनुसूची ५ बमोजिमको ढाँचामा विजक जारी गर्न सक्नेछ ।"

[१२२] ...............

(७) संक्षिप्त कर बिजकबाट करको कूल अंक बिजक मूल्यलाई कर भिन्नले गुणन गरी निकालिनेछ ।

स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "कर भिन्न" भन्नाले

$$\frac{\text{करको दर}}{\text{करको दर} + १००}$$ को योगलाई जनाउँछ ।

१८क.[१२३] **क्याश मेशिन वा कम्प्यूटर सफ्टवेयरबाट विजक जारी गर्नुपर्ने** : विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नु पर्ने गरी तोक्न सक्नेछ र त्यसरी तोकिएकोमा त्यस्तो करदाताले कारोबार गर्दा क्याश मेशिनको प्रयोग गरी विजक जारी गर्नु पर्नेछ ।

तर कम्प्यूटर सफ्टवेयरबाट विजक जारी गर्न स्वीकृती प्राप्त करदाताले सोही बमोजिम विजक जारी गर्नु पर्नेछ ।

१९. **कर विजक दिनु नपर्ने**: ऐनको दफा १४ को उपदफा (१) को प्रयोजनको लागि दश हजार रुपैयाभन्दा बढी मूल्य भएका प्रयोग भैसकेको वस्तुको कारोवार गर्ने व्यक्तिले निजले आपूर्ति गरेको वस्तुको खरीद मूल्यभन्दा विक्री मूल्य घटी भएमा कर विजक जारी गर्नु पर्ने छैन ।

---

[१२१] दोस्रो संशोधनले "पाँच सय रुपैया" भन्ने वाक्यांशको सट्टा ।

[१२२] दोस्रो संशोधनले थप गरेको निम्न प्रतिवन्धात्मक वाक्यांश नवौं संशोधनवाट झिकिएको ।

"तर विभाग वा कार्यालयवाट क्यास मेसिन वा कम्प्यूटरको सफ्टवेयरबाट विजक जारी गर्न स्वीकृती प्राप्त गरेको दर्ता भएको व्यक्तिले अनुसूची ५ बमोजिमको ढाँचामा विजक जारी गर्न सक्नेछ ।"

[१२३] नवौं संशोधनले थप ।

२०. **क्रेडिट वा डेबिट नोटः** (१) दर्ता भएको व्यक्तिले आपूर्ति गरेको वस्तु वा सेवाको मूल्यमा परिवर्तन भई क्रेडिट वा डेबिट नोट जारी गर्नु परेमा त्यस्तो नोटमा स्पष्टसंग क्रेडिट वा डेबिट नोट लेखी देहायका कुराहरु समेत खुलाउनु पर्नेछः-

(क) क्रमागत संख्या,

(ख) जारी भएको मिति,

(ग) आपूर्तिकर्ताको नाम, ठेगाना र दर्ता नम्बर,

(घ) प्रापकको नाम, ठेगाना र निज दर्ता भएको व्यक्ति भएमा दर्ता नम्बर,

(ङ) कारोबारसंग सम्बन्धित कर बिजकको संख्या र मिति,

(च) वस्तु वा सेवाको विवरण र क्रेडिट वा डेबिटको कारण,

(छ) क्रेडिट वा डेबिट भएको रकम,

(ज) क्रेडिट वा डेबिट भएको करको रकम ।

(२) दर्ता भएको करदाताले उपनियम (१) बमोजिमको क्रेडिट वा डेबिट नोटको मासिक लेखा राख्नु पर्नेछ ।

२१. **विदेशी मुद्रामा भुक्तानी भएमाः** आपूर्तिकर्ताले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा त्यसको प्रतिफल वापत प्रापकबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी लिई कर विजक दिंदा कारोबार भएको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा बराबर हुने नेपाली रुपैयाँको रकम कर विजकमा उल्लेख गरी बिजक दिनु पर्नेछ ।

२२. **बजार मूल्य निर्धारण प्रक्रियाः** (१) ऐनको दफा १३ बमोजिम बजार मूल्य निर्धारण गर्नु पर्दा कर अधिकृतले समान प्रकारको कारोबारको सम्बन्धमा दर्ता भएका अन्य समान बिक्रेताहरुको कारोवार तथा मूल्य अध्ययन गरी बजार मूल्यको निर्धारण गर्नेछ ।

(२) ऐनको दफा १३ को उपदफा (३) मा उल्लेख भए बमोजिम कुनै वस्तु वा सेवाको बजार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा महानिर्देशकले तत्सम्बन्धमा समान प्रकारका दर्ता भएका व्यक्तिहरुबाट आफूलाई प्राप्त भएको जानकारी समेतका आधारमा मूल्य निर्धारण गर्नु पर्नेछ ।

## परिच्छेद-५
## कारोबारको अभिलेख

२३. **अभिलेख राख्नु पर्नेः** (१) दर्ता भएको व्यक्तिले ऐन र यस नियमावलीको प्रयोजनको निमित्त देहायका सूचना, कागजात तथा विवरणहरुको अभिलेख राख्नु पर्नेछ :-

(क) अनुसूची- ७ बमोजिमका सूचनाहरु ।

(ख) व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख ।

(ग) आफूले जारी गरेका कर बिजक तथा संक्षिप्त कर बिजकहरु ।

(घ) आफूले प्राप्त गरेका कर बिजक तथा संक्षिप्त कर बिजकहरु ।

(ङ) आफूले गरेको आयात र निर्यातसंग सम्बन्धित सम्पूर्ण कागजातहरु ।

(च) आफूले खरीद र बिक्री गरेका वस्तु तथा सेवाको मूल्यमा घटबढ भएको प्रमाणित गर्ने सम्पूर्ण डेबिट तथा क्रेडिट नोट र अन्य तत्सम्बन्धी कागजातहरु ।

(छ) अनुसूची-८ र अनुसूची-९ मा उल्लेख भए बमोजिमका खरीद तथा बिक्री खाताहरु ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रकारको व्यापार वा व्यवसायका निमित्त उक्त उपनियममा उल्लेख भएका मध्ये कुनै अभिलेखहरु मात्र दर्ता भएको व्यक्तिले अभिलेखको रुपमा राख्नु पर्ने गरी विभागले तोक्न सक्नेछ ।

(३) दर्ता भएको व्यक्तिले यस नियम बमोजिम राख्नु पर्ने अभिलेखहरु विभागको अनुमति लिई कम्प्यूटर वा यस्तै अन्य यान्त्रिक प्रणाली वा विभागले तोकिदिए बमोजिमको तरीका अपनाई राख्न सक्नेछ ।

(४) यस नियम बमोजिम दर्ता भएको व्यक्तिले राखेको अभिलेख कर अधिकृतले कारोबार समयमा जुनसुकै बखत हेर्न सक्नेछ ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "कारोबार समय" भन्नाले सार्वजनिक बिदा बाहेक कारोबार खुल्ने तथा बन्द हुने समयको बीचको अवधि सम्झनु पर्छ ।

(५) उपनियम (४) बमोजिम कर अधिकृतले अभिलेख जाँच गर्ने सिलसिलामा मागेको अभिलेखसंग सम्बन्धित विवरण तथा कागजात दर्ता भएको व्यक्तिले आफ्नै खर्चमा मुद्रण गरी उपलब्ध गराउनु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम कर अधिकृतले अभिलेख जाँच गर्दा निजलाई सहयोग पुर्‍याउनको निमित्त आवश्यक कर्मचारीहरु उपलब्ध गराउने कर्तव्य दर्ता भएको व्यक्तिको हुनेछ ।

(७) यस नियम बमोजिम राखिएका अभिलेखहरु दर्ता भएको व्यक्तिले ६ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

२४. **नमूनाको लागि वितरण गरिएको वा विना मूल्यमा प्राप्त वस्तुको विवरण**: नियम २३ मा उल्लिखित अभिलेखहरुका अतिरिक्त दर्ता भएको व्यक्तिले कारोबारसंग सम्बन्धित देहायका विवरणहरु समेत राख्नु पर्नेछः-

(क) व्यवसाय प्रवर्द्धनको लागि नमूनाको रुपमा **प्राप्त भएका तथा**[१२४] वितरण गरिएको वस्तुको विवरण ।

(ख) विनामूल्य प्राप्त भएका **तथा वितरण गरिएका**[१२५] वस्तुको विवरण ।

२५. **खरीद तथा बिक्री खाता प्रमाणित सम्बन्धी व्यवस्था**: ऐनको दफा १६ को उपदफा (३) बमोजिम कर अधिकृतले खरीद तथा बिक्री खाता प्रमाणित गर्दा देहाय बमोजिम प्रमाणित गर्नु पर्नेछः-

(क) करदाताले खरीद तथा बिक्री खाता प्रमाणित गर्नको लागि कार्यालयमा निवेदन दिएमा,

(ख) कर परीक्षण वा जाँचको अवधिमा ,

(ग) निरीक्षणको समयमा ।

## परिच्छेद-६
## कर विवरण तथा संकलन

२६. **कर अवधिको कर विवरण पेश गर्नु पर्ने**: (१) दर्ता भएको व्यक्तिले विक्रम सम्बत् अनुसारको एक महीनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

तर अघिल्लो बाह्र महिनाभित्र बीस लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म वार्षिक कारोबार भएका करदाताले श्रावण, आश्विन, मार्ग, माघ, चैत र जेष्ठ महिनाको पच्चीस गतेभित्र सम्बन्धित कर अधिकृत समक्ष कर विवरण पेश गर्नु पर्नेछ[१२६]।

---

[१२४] दशौं संशोधनले थप ।

[१२५] दशौं संशोधनले थप ।

[१२६] छैठौं संशोधनले संशोधन, पाचौ संशोधनले थप गर्दा यो प्रतिवन्धात्मक वाक्यांशमा निम्न व्यवस्था थियो :

"तर अघिल्लो बाह्र महिनाभित्र बीस लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार भएका करदाताले भाद्र, कार्तिक, पौष, फागुन, बैशाख र जेष्ठ महिनाको पच्चीस गतेभित्र सम्बन्धित कर अधिकृत समक्ष कर विवरण पेश गर्नु पर्नेछ ।"

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दर्ता भएको व्यक्तिले आफ्नो लेखा कम्प्यूटर प्रणालीमा राखेको कारणले उपनियम (१) मा उल्लिखित कर अवधिको सट्टा छुट्टै कर अवधि कायम गरिपाउन कर अधिकृत समक्ष निवेदन दिएमा कर अधिकृतले जाँच बुझ गरी उपयुक्त देखेमा त्यस्तो दर्ता भएको व्यक्तिको हकमा आवश्यकता अनुरुप छुट्टै कर अवधि कायम गरिदिन सक्नेछ ।

(३) ऐनको दफा ९ बमोजिम स्वेच्छाले दर्ता गरेका करदाताको बार्षिक कारोवार वीस लाख रुपैयाँ[१२७] सम्म भएमा त्यस्ता करदाताले श्रावण, मार्ग र चैत महिनाको[१२८] पच्चीस गतेभित्र सम्वन्धित कर अधिकृत समक्ष कर विवरण पेश गर्नु पर्नेछ ।

(३क)[१२९] होटल तथा पर्यटन व्यवसायीले चाहेमा विभागले विवरण पेश गर्ने कर अवधि दुई महिना कायम गर्न सक्नेछ ।

(४) यसरी एक महीनाभन्दा घटी वा बढी कर अवधि कायम गरिएको दर्ता भएको व्यक्तिले सो अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(५) पहिलो पटक कर विवरण पेश गर्दा दर्ता भएको व्यक्तिले कर अवधिको बाँकी अवधिलाई कर अवधि मानी सोही अवधिको कर विवरण पेश गर्नु पर्नेछ ।

२७. **हकवाला वा कानूनी प्रतिनिधिबाट कर विवरण पेश गर्न लगाउन सकिने**: दर्ता भएको व्यक्तिको मृत्यु हुन गएमा वा निज कर विवरण पेश गर्न शारीरिक वा मानसिक रुपमा असक्षम भएमा निजको मृत्यु भएको वा निज शारीरिक वा मानसिक रुपमा असक्षम भएको अघिल्लो दिनसम्मको अवधिसम्म निजले वस्तु वा सेवाको आपूर्ति गरेको अवधि मानी कर अधिकृतले सो अवधिको कर विवरण निजको हकवाला वा कानूनी प्रतिनिधिलाई पेश गर्न लगाउन सक्नेछ ।

२८. **एक्लै वा संयुक्त रुपमा कर विवरण पेश गर्नु पर्ने**: देहायको अवस्थामा देहायका व्यक्तिले एक्लै वा संयुक्त रुपमा कर विवरण पेश गर्नु पर्नेछः-

(क) कुनै करदाता कर विवरण पेश गर्न असक्षम भएमा वा निजको मृत्यु भएमा निजको हकवाला वा संरक्षकले,

(ख) करदाता कानूनी व्यक्ति भएमा त्यस्तो करदाताको तर्फबाट कुनै संचालक, कार्यकारी प्रमुख वा व्यवस्थापनले तोकेको कुनै कर्मचारीले,

(ग) करदाता कानूनी व्यक्ति भएमा र त्यस्तो कानूनी व्यक्ति खारेज वा विघटन भएमा लिक्विडेटरले,

(घ) माथि उल्लेख भएको अवस्था बाहेक अन्य अवस्थामा कर अधिकृतले तोकेको करदातासंग सरोकार राख्ने व्यक्तिले ।

## परिच्छेद-७
## करको निर्धारण र असूल उपर

२९. **कर अधिकृतले कर निर्धारण गर्न सक्ने**: (१) ऐनको दफा २० को उपदफा (१) मा उल्लिखित अवस्था परी सोही दफाको उपदफा (२) बमोजिमका आधारहरुका अतिरिक्त बजार मूल्य वा कर निर्धारण गरिनुपर्ने कारोबारसंग सम्बन्धित अन्य कुनै सूचना वा जानकारीका आधारमा समेत कर अधिकृतले कर निर्धारण गरी अनुसूची-१२ को ढाँचामा कर निर्धारण आदेश जारी गर्न सक्नेछ ।

---

साथै उपदफा (३) मा रहेको कार्तिक, फागुन र असार महिनामा संशोधन ।

[१२७] पहिलो संशोधनले "दश लाख" भन्ने शव्दको सट्टा "पैतालिस लाख" भन्ने शव्द राखेको । दोस्रो संशोधनले "दश लाख रुपैयाँ" भन्ने शव्दको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शव्द राखेको ।

[१२८] छैठौं संशोधनले "कार्तिक, फागुन र असार महिनाको" भन्ने वाक्यांशको सट्टा ।

[१२९] दोस्रो संशोधनले थप ।

(२) उपनियम (१) बमोजिम कर अधिकृतले जारी गरेको कर निर्धारण आदेश उपर आफ्नो सफाईमा प्रमाण पेश गर्न सम्बन्धित करदातालाई पन्ध्र[१३०] दिनको म्याद दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र सम्बन्धित करदाताबाट सफाईमा पेश हुन आएको प्रमाणहरु उपयुक्त देखेमा सोही आधारमा कर अधिकृतले उपनियम (१) बमोजिम कर निर्धारण गरी कर निर्धारण आदेश जारी गर्नु पर्नेछ । यसरी कर निर्धारण आदेश जारी गर्दा सो आदेशमा आदेश जारी भएको मितिसम्म ऐनको दफा १९ को उपदफा (२) र (३) बमोजिम लाग्ने थप दस्तुर र दफा २६ बमोजिम लाग्ने व्याजको रकम समेत समावेश गर्नु पर्नेछ ।

स्पष्टीकरणः व्याजको गणना गर्दा प्रति महीना बाह्र खण्डको एक खण्डको आधारमा गरिनेछ ।

३०. **कर, थप दस्तुर र व्याजको रकम बुझाउनु पर्नेः** नियम २९ बमोजिम जारी भएको कर निर्धारण आदेश बमोजिमको कर, थप दस्तुर र व्याजको रकम सम्बन्धित करदाताले त्यस्तो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित कर कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

३१. **कर निर्धारण आदेशको सूचना पठाउने कार्यविधिः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कर अधिकृतले करदातालाई नियम २९ बमोजिम कर निर्धारण आदेश जारी गर्दा त्यस्तो करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा त्यस्तै अन्य विद्युतीय उपकरण मार्फत पठाएमा वा त्यस्तो आदेश निज वा निजको कार्यालयमा बुझाएमा वा निजको ठेगानामा रजिष्टरी गरी हुलाक मार्फत पठाएमा रीतपूर्वक तामेल भएको मानिनेछ ।

(२) उपनियम (१) बमोजिम कर निर्धारण आदेशको सूचना तामेल हुन नसकेमा कर अधिकृतले सम्बन्धित करदातालाई रेडियो, टेलिभिजन वा राष्ट्रिय स्तरको कुनै पत्र-पत्रिकामा तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सो को जानकारी गराउन सक्नेछ । त्यस्तो अवस्थामा सम्बन्धित करदाताले त्यस्तो जानकारी पाएको मानिनेछ ।

३२. **दर्ता नभएको व्यक्तिले उठाएको करको निर्धारण र असूलीः** (१) दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५ को उपदफा (२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई करको निर्धारण गरिनेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको व्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले सातदिन भित्र बुझाउनु पर्नेछ ।

३३. **प्रयोग भैसकेका वस्तुहरुको कर निर्धारण तरीकाः** (१) प्रयोग भैसकेका वस्तुहरुको कर निर्धारण त्यस्ता वस्तुहरुको विक्री मूल्य र खरीद मूल्य बीचको बचतमा मात्र गरिनेछ । त्यस्ता वस्तुको विक्रेताले देहाय बमोजिमका स्थायी अभिलेख त्यस्ता वस्तु खरीद वा विक्री गर्दाकै अवस्थामा तयार गरी राख्नुपर्नेछ ।

(क) खरीद सम्बन्धी

(अ) खरीद मिति,

(आ) वस्तुको पूर्ण जानकारी हुने किसिमको व्यहोराको उल्लेख,

(इ) कर बाहेकको खरीद मूल्य,

(ई) करको दर,

(उ) करको रकम,

(ऊ) तिरेको कूल रकम ।

(ख) विक्री सम्बन्धी

(अ) विक्री भएको मिति,

(आ) कर वाहेकको विक्री मूल्य,

---

[१३०] पाचौं संशोधनले “सात” भन्ने शव्दको सट्टा ।

(इ) खरीद मूल्य र विक्री मूल्य बीचको फरक,

(ई) करको दर,

(उ) करको रकम,

(ऊ) प्राप्त गरेको कूल रकम ।

(२) उपनियम (१) मा उल्लेख गरेको खरीद मूल्य भन्नाले कर सहितको मूल्यलाई जनाउनेछ ।

(३) प्रयोग भैसकेका प्रत्येक वस्तुहरुको खरीद मूल्य दश हजार रुपैयाँभन्दा बढी भएमा छुट्टा छुट्टै खरीद वा विक्री अभिलेख राख्नु पर्नेछ ।

(४) दर्ता भएको व्यक्तिले उपनियम (१), (२) र (३) मा उल्लेख भएको अभिलेख सन्तोषजनक ढंगले राखेको नपाइएमा त्यस्तो करदाताले विक्री गरेको कूल विक्री मूल्यमा कर लगाई अर्को कर विवरणसँगै त्यस्तो कर दाखिल गर्ने गरी कर अधिकृतले लिखित आदेश दिन सक्नेछ ।

३४. **पुनरावेदन दिनुअघि कर विवरण पेश गर्नु पर्ने**ः नियम २९ बमोजिम गरिएको कर निर्धारण उपर करदाताले पुनरावेदन दिनुअघि आफ्नो सो अवधिको कर विवरण सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

३५. **काबु बाहिरको परिस्थिति**ः (१) ऐनको दफा १९ को उपदफा (४) को प्रयोजनको लागि देहायको अवस्थालाई काबू बाहिरको परिस्थिति मानिनेछः-

(क) कर बुझाउनु पर्ने व्यक्ति बिरामी परी अशक्त भएमा निको भएको मितिले सात दिनसम्म,

(ख) कर बुझाउनु पर्ने व्यक्तिले क्रिया बस्नु परेमा क्रिया समाप्त भएको मितिले सात दिनसम्म,

(ग) कर बुझाउनु पर्ने स्वास्नी मानिस सुत्केरी भएमा सुत्केरी भएको मितिले पैंतीस दिनसम्म,

(घ) कर बुझाउनु पर्ने व्यक्तिको मृत्यु भएमा वा बौलाएमा वा बेपत्ता भएमा त्यस्तो भएको मितिले पैंतीस दिनभित्र निजको हकवाला वा संरक्षकले निवेदन गरेमा त्यस्तो निवेदन प्राप्त भएको मितिले सात दिनसम्म,

(ङ) बाढी, पहिरो, हिउँ वा अन्य त्यस्तै कारणबाट बाटो बन्द भै मूल्य अभिवृद्धि कर कार्यालयमा आउन नसकेको अवस्थामा बाटो खुलेको मितिले सात दिनसम्म,

(च) यातायातको साधन पूर्ण रुपमा बन्द भई आउन नसक्ने अवस्था भएमा त्यस्तो बन्द समाप्त भएको भोलिपल्ट सम्म ।

(२) उपनियम (१) को खण्ड (ख), (ग) (घ) र (ङ) मा उल्लेख भए बमोजिम काबू बाहिरको परिस्थिति परी थप म्याद माग्नु परेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (च) मा उल्लेख भए बमोजिमको अवस्था परी थप म्याद माग्न आउँदा जुन ठाउँमा यातायातको साधन बन्द भएको हो सो ठाउँसंग सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिश समेत पेश गर्नु पर्नेछ ।

३६. **थप दस्तुर मिनाहाको लागि निवेदन दिने म्याद**ः (१) ऐनको दफा १९ को उपदफा (४) बमोजिम थप दस्तुर मिनाहाको लागि कर तिर्नु पर्ने म्याद भुक्तान भएको मितिले तीस दिनभित्र महानिर्देशक समक्ष अनुसूची-१३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र निवेदन नदिएमा थप दस्तुर मिनाहा दिइने छैन ।

३७. **कर निर्धारणको अवधि**ः ऐनको दफा २० को उपदफा (४) बामेजिमको अवधि गणना गर्दा करको सम्बन्धमा कुनै अदालतमा निवेदन परी स्थगन आदेश जारी भएको अवस्थामा सोको निर्णय नभएसम्मको अवधि कटाई गणना गरिनेछ ।

३८. ......... [१३१]

## परिच्छेद-८
## कर कट्टी तथा कर फिर्ता सम्बन्धी व्यवस्था

३९. **कर कट्टी गर्न पाइने**: (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा संकलन गरेको करबाट सो महीना वा सोभन्दा अगाडि आफ्नो कर लाग्ने वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको कर देहायको अवस्थामा कट्टी गर्न पाउनेछ :-

(क) कर कट्टी दावी गरिएको वस्तु वा सेवा कर योग्य व्यवसायसंग प्रत्यक्ष रुपमा सम्बन्धित भएमा ।

(ख) आन्तरिक खरीद गरिएको भए नियम १७ बमोजिमको कर बिजक प्राप्त गरेको भएमा ।

(ग) आयात गरिएको भए आयात गर्दा कर तिरेको प्रमाणित गर्ने आयात सम्बन्धी कागजातहरु भएमा ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "आयात सम्बन्धी कागजातहरु" भन्नाले प्रज्ञापनपत्र, नगदी रसीद, सामानको बिजक तथा भंसारको बाटो भई आयत नहुने सेवाको आपूर्तिको हकमा सेवाको विजक[१३२] र विभागले समय समयमा तोकेको तत्सम्बन्धी अन्य कागजातहरु सम्झनु पर्छ ।

(२) यस नियम बमोजिम कर कट्टी गर्दा एकपटक मात्र गर्न पाइनेछ । यसरी कर कट्टी गर्दा दाबी गरिएको मितिभन्दा एक वर्ष अगाडिसम्मको बिजक वा आयातसंग सम्बन्धित कागजातहरु हुनु पर्नेछ ।

(३) दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा निजले वस्तु बिक्री गर्दा संकलन गरेको करबाट वस्तु खरीद वा आयात गर्दा तिरेको कर कटाई बाँकी रहेको रकम कर विवरणसाथ कर कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

(४) दर्ता भएको व्यक्तिले खरीद वा आयात गर्दा तिरेको कर रकम निजले बिक्री गर्दा संकलन गरेको रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको जति रकम अर्को कर अवधिमा कट्टी गर्न पाउनेछ । यसरी अर्को कर अवधिमा कट्टी गर्न पाउने रकम लगातार छ महीनासम्म बाँकी रहेमा एकमुष्ट फिर्ता पाउन निजले अनुसूची-१४ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ । यस्तो दरखास्त प्राप्त भएपछि कर अधिकृतले नियम ४५ बमोजिम बाँकी कर फिर्ता दिनु पर्नेछ ।

(५) दर्ता भएको व्यक्तिले कुनै महीनामा बिक्री गरेको कूल मासिक बिक्रीको पचास प्रतिशतभन्दा बढी निर्यात गरेमा सो महीनाका लागि बढी भएको कट्टी गर्नु पर्ने कर फिर्ता पाउन निजले अनुसूची-१५ बमोजिमको ढाँचामा निर्यातसँग सम्बन्धित आवश्यक कागजातहरु समेत संलग्न राखी कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ । कर अधिकृतले त्यस्तो दरखास्त प्राप्त गरेपछि नियम ४५ बमोजिम बाँकी कर फिर्ता दिनु पर्नेछ । यसरी बाँकी कर फिर्ता दिने निर्णय गर्दा कर अधिकृतले देहायका कुराहरुमा ध्यान दिनु पर्नेछः-

(क) खरीद वा आयातमा कर तिरेको छ छैन ।

(ख) पहिले पेश गर्नु पर्ने कर विवरण पेश गरेको छ छैन र पेश गरेको भए त्यस्तो कर विवरणबाट कर फिर्ताको दावी पुष्टि हुन्छ हुँदैन ।

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागि "निर्यातसंग सम्बन्धी कागजातहरु" भन्नाले वस्तु विनिमयको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, प्रतितपत्र र आयात

---

[१३१] दशौं संशोनले खारेज गरेको, संशोधन भन्दा पहिले निम्न व्यवस्था थियो :
"३८. **कर असूली गर्ने म्याद**: ऐनको दफा २१ को उपदफा (२) बमोजिम म्यादको गणना गर्दा पुनरावेदन परेको भए त्यस्तो पुनरावेदन भएको मितिदेखि निर्णय नभएसम्मको अवधि समावेश हुने छैन ।"

[१३२] सातौं संशोधनले थप ।

प्रमापत्र र निर्यातको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, भुक्तानी प्रमाणपत्र र प्रतितपत्र सम्झनु पर्छ[१३३]।

३९क.[१३४] **नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने :** (१)[१३५] कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोग गर्ने म्याद सकिएको कारणले हानी नोक्सानी हुन गई त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनमा विभागले तोकिदिएको छानविन समितिले छानविन गर्दा नोक्सान भएको देखेमा त्यस्तो नोक्सानी भएको वस्तुमा तिरेको कर एक लाख रुपैयाँसम्मको भए सम्वन्धित कार्यालयको निर्णयवाट कर कट्टी गर्न पाउनेछ र सो भन्दा वढी कर[१३६] कट्टी गर्नको लागि नोक्सानीको विवरण समेत खुलाई विभाग समक्ष सिफारिश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सिफारिश प्राप्त भएमा विभागले त्यस्तो वस्तुमा तिरेको कर वा कम मूल्यमा विक्री गरेकोमा विक्रीबाट उठेको कर रकम भन्दा वढी भएको हदसम्मको तिरेको कर कट्टी गर्न दिने गरी निर्णय गर्न सक्नेछ।

(४)[१३७] उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि वीमा गरिएको वस्तुको नोक्सानीको हकमा सम्वन्धित कार्यालयले नै क्षतिपूर्ति वापत प्राप्त गरेको रकमको हदसम्म कर कट्टी गर्न दिने निर्णय गर्न सक्नेछ।

४०. **कर कट्टी सम्बन्धी अन्य व्यवस्था:** (१) कर कट्टी गरिएको वस्तुहरु स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरु कर अधिकृतले हेर्न चाहे वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनुपर्नेछ। कर अधिकृतले त्यस्ता वस्तुहरु हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरु कर लाग्ने कारोबारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरु प्रचलित बजार मूल्यमा बिक्री भएको मानिनेछ।

(२) उपनियम (१) बमोजिम बिक्री भएका वस्तुहरुमा लाग्ने कर दाखिल गर्न सम्बन्धित करदातालाई कर अधिकृतले आदेश दिन सक्नेछ। त्यस्तो कर रकम कर अधिकृतले तोकेको महीनाको कर विवरण संग दाखिल गर्नु पर्नेछ।

तर कर अधिकृतको विचारमा त्यस्तो कर तत्काल असूल नगरे असूल हुन नसक्ने अवस्था छ भने तुरुन्त करदाताबाट दाखिल गर्न लगाउन सक्नेछ।

(३) कुनै करदाताले करलाग्ने वस्तु वा सेवा तथा कर छुट भएका वस्तु वा सेवा दुबैको कारोबार गरेको रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु वा सेवासंग प्रत्यक्ष रुपमा सम्बन्धित खरीद वा आयातमा तिरेको कर मात्र कट्टी गर्न पाउनेछ।

(४) कर लाग्ने वा कर छुट भएको दुबै प्रकारका वस्तु वा सेवाको कारोबार गर्ने करदाताले उपनियम (३) बमोजिम कर लाग्ने वस्तु वा सेवाको बिक्रीसंग खरीद वा आयात भएका वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले बिक्री गरेको कुल मूल्य

---

१३३ सातौं संशोधनले संशोधन। सो भन्दा पहिले निम्न व्यवस्था थियो :

"स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "निर्यातसंग सम्बन्धी कागजातहरु" भन्नाले वस्तु विनिमय वाहेकको निर्यातको हकमा निर्यात प्रमाणपत्र, भुक्तानी प्रमाणपत्र, प्रतितपत्र, उत्पत्तिको प्रमाणपत्र र समय समयमा विभागले तोकिदिएको तत्सम्बन्धी अन्य कागजातहरु सम्झनु पर्छ र वस्तु विनिमयको हकमा भुक्तानी प्रमाणपत्रको सट्टा आयात प्रज्ञापन पत्र सम्झनु पर्छ।"

१३४ चौथो संशोधनले थप।

१३५ दशौं संशोधनले संशोधन, चौथो संशोधनले थप गर्दा निम्न व्यवस्था गरेको थियो :

"(१) कुनै वस्तु आगजनी, चोरी, दुर्घटना वा टुटफुट हुनगई नोक्सान भएमा त्यस्तो वस्तुको वा उपयोग गर्ने म्याद सकिएको कारणले त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ।"

१३६ दशौं संशोधनले थप।

१३७ दशौं संशोधनले थप।

मध्ये कर लाग्ने कारोबारको मूल्यको समानुपातिक हिसाबबाट खरीद वा आयातमा तिरेको कर कट्टी गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम करको गणना गर्दा समानुपातिक रुपमा गणना हुन नसक्ने भन्ने कर अधिकृतलाई लागेमा निजले अर्को बैकल्पिक तरीकाद्वारा गणना गर्न विभागसंग निर्देशन माग गर्न सक्नेछ ।

४१. **कर कट्टी गर्न नपाईने वस्तु वा सेवाहरुः** (१) ऐनको दफा १७ को प्रयोजनको लागि देहायका वस्तु वा सेवाहरुको हकमा कर कट्टी गर्न पाईने छैनः-

(क) पेय पदार्थ,

(ख) अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी, वीयर,

(ग) सवारी साधनको लागि हल्का पेट्रोलियम (पेट्रोल) इन्धन,

(घ) मनोरञ्जन खर्च,

(२) देहायका वस्तुहरुमा देहाय बमोजिम अनुपातमा कर कट्टी गर्न पाइनेछः-

(क)[१३८] ...........

(ख) अटोमोवाइल्समा खरीद मूल्यको ४० प्रतिशत ।

(ग)[१३९] ............

**स्पष्टीकरणः** खण्ड (ख) को प्रयोजनको लागि "अटोमोवाइल्स" भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पांग्रा भएको सडकमा गुड्ने यात्रुवाहक सवारीको साधन सम्झनु पर्छ ।

(३) दर्ता भएको व्यक्तिले उपनियम (१) वा (२) को आपूर्ति गर्ने कार्य नै मुख्य रुपमा गर्ने भएमा यस नियमावलीमा व्यवस्थित प्रक्रिया बमोजिम कर कट्टी गर्न बाधा पर्ने छैन ।

४२. **बिक्री कर कट्टी सम्बन्धी व्यवस्थाः** ऐन प्रारम्भ हुनुभन्दा अगाडि देहाय बमोजिमका मौज्दातमा रहेका वस्तुहरुमा तिरेको बिक्री कर मात्र कट्टी गर्न पाइनेछ :-

(क) पुनः बिक्रीको लागि करदाताले ल्याएका वस्तुहरुमा,

(ख) व्यापारको लागि आंशिक रुपमा उत्पादित तथा सह उत्पादित वस्तुहरु तथा सेवाहरुमा,

(ग) कच्चा पदार्थ, सहायक कच्चा पदार्थहरु र पैकिंग वस्तुहरुमा ।

४३. **निवेदन दिनु पर्नेः**[१४०] (१) करदाताले आफू दर्ता हुँदाका वखत मौज्दातमा रहेका वस्तुमा लागेको कर कट्टी गर्नको लागि अनुसूची-१६ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ........ कर कट्टीको दाबी गर्दा ...... कर तिरेको बिजकहरु र अन्य प्रमाण कागजातहरु समेत आफू दर्ता भएको पन्ध्र दिनभित्र पेश गर्नु पर्नेछ । यस नियममा उल्लिखित प्रमाण कागजातको अभावमा उपनियम (१) बमोजिम कर कट्टी गर्न दिइने छैन[१४१] ।

---

१३८ पाचौ संशोधनले झिकेको, सो भन्दा पहिले निम्न व्यवस्था थियो :
"(क) सबै प्रकारका हवाई जहाजमा खरीद मूल्यको ४० प्रतिशत ।"

१३९ पाचौ संशोधनले झिकेको, सो भन्दा पहिले निम्न व्यवस्था थियो :
"(ग) कम्प्यूटरमा खरीद मूल्यको ६० प्रतिकशत ।"

१४० पाचौ संशोधनले संशोधन, संशोधनभन्दा पहिले निम्न व्यवस्था थियो :
"(१) करदाताले आफू दर्ता हुंदा मौज्दातमा रहेको बिक्रीकर तिरिसकेका वस्तुमा लागेको विक्रीकर साविक मास्केवारी अनुसार विक्रीकर कट्टी हुन वांकी रहेको अंश तथा कर लाग्ने कारोवारमा तिरेको कर कट्टी गर्नको लागि अनुसूची-१६ बमोजिमको ढांचामा कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।"

१४१ पाचौ संशोधनले ठाउठाउमा रहेको "बिक्रीकर वा" भन्ने वाक्यांश झिकेको ।

(३) उपनियम (१) बमोजिमको दाबी कर अधिकृतद्वारा संशोधन वा खारेज भएमा वा त्यस्तो कर पहिला नै कट्टा गरिएको पाइएमा ऐन र यस नियमावली बमोजिम कर अधिकृतले त्यस्तो करदातालाई कारवाई गर्न सक्नेछ ।

(४) यस नियम बमोजिमको दाबी कर अधिकृतद्वारा स्वीकृत भएमा सम्बन्धित करदाताले उपनियम (१) बमोजिम दाबी गरेको रकम नियम ३९ को उपनियम (४) बमोजिम कट्टी गर्न पाउनेछ ।

४४. **प्रयोग भैसकेका वस्तुहरुको कर कट्टी सम्बन्धी व्यवस्था:** ऐनको दफा १७ को उपदफा (५) को प्रयोजनको लागि प्रयोग भै सकेका वस्तुहरु मध्ये दर्ता नभएको व्यक्तिसँग खरीद गरेका वस्तुहरु र दर्ता भएको व्यक्ति भए पनि ऐनको दफा १७ मा परेका र व्यक्तिगत प्रयोगमा समेत ल्याइएका वस्तुहरुको खरीदमा तिरेको कर कट्टी गर्न पाइने छैन ।

४५. **कर फिर्ता सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा २४ को उपदफा (३) र (४) वा दफा २५ को प्रयोजनको लागि कर फिर्ता दिंदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएका प्रमाणहरु तुरुन्त छानवीन गरी दर्ता भएको मितिले तीस दिनभित्र फिर्ता दिनु पर्नेछ ।

(२) ऐनको दफा २४ को उपदफा (३) वा दफा २५ बमोजिम प्राप्त हुन आएको प्रमाणहरु[१४२] पुनः छानवीन गर्नु पर्ने आवश्यकता भए सो अविलम्ब गरी पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ । फिर्ता दिंदा बीस हजार रुपैयाँभन्दा बढी भएमा निजको बैंक खातामा नै जम्मा हुने गरी भुक्तानी गर्नु पर्नेछ ।

(३) ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रयोजनको लागि दर्ता नभएको व्यक्तिले कर फिर्ता माग गर्दा क्रमशः अनुसूची-१७, अनुसूची-१८ र अनुसूची-१९ को ढाँचामा सोझै विभागमा निवेदन दिनु पर्नेछ ।

४६. **फिर्ता नहुने:** ऐन र यस नियमावली बमोजिम ..........[१४३] नक्कल लिनु पर्ने निर्णय आदेश, फैसला, पर्चा वा अन्य कागजातहरु लेखा अवधि समाप्त भएको मितिले तीन वर्षभित्र निवेदन नदिएमा दिईने छैन ।

४७ **ब्याजको दर** : ऐनको दफा २४ को उपदफा (५) को प्रयोजनकोलागि नेपाल सरकारले दिने ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ । यस्तो ब्याज रकम ऐनको दफा २४ को उपदफा (३) र (४) वमोजिम फिर्ता माग गरेको मितिले साठी दिनपछि मात्र गणना गरिनेछ ।[१४४]

## परिच्छेद-९
## आयात निर्यात सम्बन्धी व्यवस्था

४८. **आयातमा कर लाग्ने:** (१) नेपाल अधिराज्यभित्र आयात हुने वस्तु वा सेवामा[१४५] नेपालभित्र आपूर्ति भएको वस्तु वा सेवामा[१४६] लाग्ने दरले कर लाग्नेछ ।

(२) आयात हुने वस्तु वा सेवामा कर निर्धारण गर्ने प्रयोजनको लागि मूल्य कायम गर्दा ऐनको दफा १२ को उपदफा (५) र (६) बमोजिमको प्रक्रिया अपनाई मूल्य कायम गरिनेछ ।

---

